# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सबैका लागि  शिक्षा भन्ने भावना अनुरुप शिक्षा प्राप्त गर्न पाउनु प्रत्येक व्यक्तिको मौलिक अधिकार हो । आजका बालबालिका भोलिको समाज र राष्ट्रका कर्णधार हुन् । उनीहरुलाई शिक्षा प्राप्त गर्नु परिवार समाज र राष्ट्रको दायित्व पनि हो । समाजमा मुख्यतः दुई किसिमका बालबालिकाहरु हुन्छन् । पहिलो साधारण बालबालिका र दोस्रो विशेष किसिमका बालबालिका कुनै किसिमको शारीरिक र मानसिक अवरोध नभई पूर्ण रुपमा आफ्नो जीवनयापन गरिरहेको हुन्छ भने त्यस्ता बालबालिकालाई साधारण बालबालिका भनिन्छ । तर शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा समस्या उत्पन्न भई शारीरिक र मानसिक रुपमा अवरोध भएका बालबालिकालाई विशेष किसिमका बालबालिका भनिन्छ । सबैका लागि शिक्षाको सिद्धान्त अनुरुप साधारण बालबालिका झैं विशेष किसिमको बालबालिकालाई पनि शिक्षा प्रदान गर्नु उनीहरुको  दायित्व हो ।

नेपाल सरकारले समाहित शिक्षाको माध्यमबाट विशेष किसिमका बालबालिकाहरुलाई पनि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइएको देखिन्छ । विशेष बालबालिका पनि शारीरिक अपाङ्ग र माानसिक अपाङ्ग गरी दुई किसिमका हुन्छन् । शारीरिक कुनै पनि अङ्गमा खराबी भई जीवन यापन गर्नमा कठिनाई उत्पन्न हुन्छ भने त्यसलाई शारीरिक अपाङ्ग भनिन्छ । जस्तै आँखा सम्वन्धी खराबी भई हेर्न नसक्नु दृष्टि अपाङ्गता त्यस्तै मष्तिष्क र मानसिक अङ्गहरुमा आएको समस्या तथा सचेतना, अभिमुखिकरण, फूर्ति श्रवणशक्ति, भाषा गणना जस्ता कार्य गर्न नसक्नु तथा सिकाइमा ढिलो हुनुलाई मानसिक अपाङ्गता भनिन्छ । अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुलाई अधिकारको प्रत्याभूति गराउनु साधारण एवम् विशेष आवश्यकताका बालबालिकाहरुलाई समेटेर शिक्षा दिनु आजको समाज र राष्ट्रको दायित्व हो । बालबालिका भन्नाले सामान्यतया १४ वर्ष मुनिका केटाकेटीलाई बुझिन्छ । शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक

वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको  अबरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्थालाई अपाङ्गता भनिन्छ । (समाहित शिक्षा सूचना सामग्री, युनिसेफ २०६८) ।

अपाङ्ग बालबालिका भन्नाले अति चकचक गर्ने वा निश्क्रिय रहने, सोचेर खेल्न नसक्ने, अभिभावक र शिक्षकको आँखामा आँखा जुधाएर कुरा नगर्ने  एक्लै खेल्ने  बोलाउँदा कान नसुनेको जस्तो गर्ने असुहाउँदो तरिकाले हाँस्ने, मन परेको  वस्तु वा खेलौना माग्न नसक्ने, शब्द वा वाक्य  दोहो-याई रहने, कुनै वस्तु घुमाइरहने, चोटपटक प्रति वास्ता नगर्ने, सामान्य शिक्षण विधिबाट सिक्न नसक्ने, कुनै स्थानमा उभिएको वेला हल्लिइरहने, हात खुट्टा नचलाइरहने स्वभाव भएका बालबालिकालाई वुझिन्छ ।

सामान्य रुपमा सिकाइ भन्नाले शिक्षण सिकाइको माध्यमबाट बालबालिकाहरुको व्यबहारमा परिवर्तन गरी समाजमाा जीवनयापन गर्न योग्य बनाउनु भन्ने वुझिन्छ । अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन भन्नाले अपाङ्ग बालबालिकाहरुलाई शिक्षणको माध्यमबाट उनीहरुको व्यवहारमा परिवर्तन गरी समाजमा सामान्य जीवनयापन गर्न सक्ने बनाउनु भन्ने वुझिन्छ ।

नेपालमा विशेष आवश्यकता शिक्षाको इतिहासलाई नियाल्दै जाँदा वि. सं. २०२१ साल तर्फ फर्किनु पर्छ । त्यति वेला कीर्तिपुर स्थित ल्याबोरेटरी विद्यालयमा अन्धा विद्यार्थीहरुका लागि एकीकृत कार्यक्रमको शुरुवात भएबाट विशेष शिक्षाको सुत्रपात भएको पाइन्छ । वि. सं .२०२३  सालमा बालमन्दिर नक्सालको प्राङ्गणमा बहिरा बालबालिकाहरुका लागि बहिराहरुको स्कुल स्थापना भयो । वि. सं. २०२६ सालमा स्वयम् शारिरीक रुपमा अपाङ्ग भएका श्री खगेन्द्रबहादुर वस्नेतको सक्रियतामा नेपालमा अन्धा अपाङ्ग विद्यालयको स्थापना भए पश्चात् विद्यार्थीहरुलाई शिक्षा र व्यवसायिक तालिम दिने उद्देश्यले जोरपाटीमा अन्धा अपाङ्ग विद्यालयको स्थापना भयो । यो विद्यालय अहिले स्व. वस्नेतको नामवाट खगेन्द्र नवजीवन केन्द्रका नामले सञ्चालित छ । (शर्मा, २०४९.१२९) ।नेपाल सरकारले विशेष आवश्यकता शिक्षा कार्यक्रम वि.स. २०२१ सालबाट शुरु गरेको  भएता पनि योजनावद्ध रुपमा यसको विकास र विस्तारको प्रयास वि.स. २०२८ सालमा लागु भएको राष्ट्रिय शिक्षा

पद्धतिको योजना लागु भएको देखिन्छ । वि.स. २०३० सालमा गठन भएको विशेष शिक्षा परिषद उक्त योजनाको प्रतिफल हो (शर्मा,२०५९.७४९) । विशेष समस्याको बाबजुद विशेष शिक्षा परिषद अगाडि बढी रहेको अवस्थामा वि.स. २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदको स्थापना भए पश्चात विशेष शिक्षाका सबै कार्यकमहरु उक्त परिषदको छाता मुनि रहन पुगे । त्यसपछि विशेष शिक्षा परिषद निश्क्रिय रहन पुग्यो । यस्तो अवस्थामा गुज्रीरहेको विशेष शिक्षाले अन्तराष्ट्रिय अपाङ्ग वर्ष सन् १९८१ (वि.स.२०३८) मनाए पश्चात पुन : प्रगति तर्फ लागेको देखिन्छ (शर्मा, २०४९ :१३०)

नेपाल सरकारले आधारभूत शिक्षा सञ्चालन गर्दा विशेष शिक्षालाई छोडेको हुँदा शिक्षाको एक पक्ष नै छुट्न गई अपुरो हुने देखिएकोले विशेष शिक्षालाई सरकार आफैंले सञ्चालन गर्नु पर्ने आवश्यकता महशुस गऱ्यो । वि.सं. २०४६ सालमा शिक्षा तथा संस्कृति मन्त्रालयले विशेष शिक्षाको विकास र विस्तारका लागि एउटा समिति गठन गऱ्यो । उक्त समितिले दिएको सुझाव अनुसार विशेष शिक्षालाई मन्त्रालय आफैंले सञ्चालन गर्ने निर्णय गरी २०४८ । ०४८ को आ.व देखि नेपाल सरकारले सञ्चालन गर्न शुरु गऱ्यो । आठौं योजनाको (२०४९ । ०५४) शुरुमा वि.सं. २०५० सालमा संञ्चालन भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत शिक्षा विभागमा एक छुट्टै विशेष शिक्षा एकाई स्थापना भई विशेष शिक्षाको एकीकृत कार्यकम सञ्चालन भएको पाइन्छ (शर्मा, २०५५) । उक्त परियोजना अन्तर्गत सञ्चालन भएको विशेष शिक्षा कार्यकमलाई नवौं योजनाबाट राष्ट्रिय कार्यकमको रुपमा विस्तार गरेको पाइन्छ । वि.सं. २०५६ सालमा तोकिएको अपाङ्गता निर्धारण सम्वन्धी माप दण्डलाई पनि विशेष शिक्षाको इतिहासमा महत्वपूर्ण मानिन्छ । नवौं योजना (२०५४–०५९: ५८०)

एकै किसिमका अपाङ्ग बालबालिकाहरुलाई शिक्षण गर्नका लागि विशेष शिक्षा परिषदको आर्थिक अनुदान सहयोग, बहिरातर्फ ६ ओटा वौद्धिक अपाङ्ग भएका बालबालिकाहरुका लागि १३ वटा, दृष्टि बिहिनहरुका लागि एकवटा र शारीरिक अपाङ्ग बालबालिकाहरुका लागि एकवटा विशेष विद्यालय सञ्चालन भइरहेका छन् (शिक्षा विभागको वुलेटिन, २०६८) ।

सबै अपाङ्ग विद्यार्थीहरुका लागि अनुकुल हुनेगरी शिक्षण सिकाइ वातावरण तयार गरी सञ्चालन भएका विद्यालयलाई एकीकृत शिक्षा कार्यक्रम सञ्चालन भएको विद्यालय भनिन्छ । हाल शिक्षा विभाग अन्तर्गत सञ्चालित स्रोतकक्षाका अपाङ्गहरु समेतलाई शिक्षण गरिरहेका अन्य विद्यालयहरु विशेष शिक्षा परिषदको आर्थिक सहयोगमा दृष्टि विहिन बालबालिकाहरुका लागि सञ्चालित दश वटा विद्यालयहरु र माध्यमिक शिक्षाका लागि माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तरर्गत अनुदान प्राप्त गरेको चार वटा विद्यालयहरु यसै एकीकृत शिक्षाको ढाँचा अनुसार सञ्चालन भइरहेका छन् (शिक्षा,विभागको वुलेटिन, २०६८) ।

अपाङ्ग बालबालिकाहरुमा विद्यमान अपाङ्गताको कारणबाटै निर्धारित समय भित्र परीक्षा दिन नसक्ने अवस्थामा शिक्षा नियमावली २०५९ को नियम ४७ ले परीक्षाका लागि निर्धारण गरेको समय भन्दा १ घण्टा ३० मिनेटसम्म समय थप गर्न सक्ने विशेष व्यवस्था गरेको छ । त्यस्तै सोही नियय अनुसार अपाङ्ग परीक्षार्थीहरुले बुझ्न सक्ने साङ्केतिक भाषामा परीक्षा दिन पाउने प्रावधान रहेको छ (शिक्षा विभाग वुलेटिन, २०६८ । अपाङ्गता भएका बालबालिकाहरु भोलि गएर केही गर्न सक्दैनन् भन्ने साँगुरो सोचका कारण अझै पनि अपाङ्ग बालबालिकाहरु शिक्षा प्राप्त गर्ने सुअवसरबाट बञ्चित छन् । त्यसै गरी शिक्षा प्राप्तिका लागि विद्यालय प्रवेश गरेका विद्यार्थीहरुको पनि सिकाइ कसरी गरिएका छन् ? उनीहरुको सिकाइमा कस्तो समस्या छ ? भन्ने विषयवस्तुलाई यस अध्ययनले केन्द्रविन्दु बनाएको छ ।

## १.२ समस्याको कथन

वि. स. २०६८ सालमा नेपाल सरकार केन्द्रिय तथ्याङ्ग विभागबाट लिइएको जनगणना अनुसार सङ्खुवासभा जिल्लामा रहेका जनसङ्ख्या १,५८,७४२ मध्ये अपाङ्ग जनसङ्ख्या २,५९७ रहेका छन् ।

हाल जनसङ्ख्या वृद्धि संगसंगै यो सङ्ख्या पनि बढ्दो छ । यो अवस्थालाई मध्यनजर राखी बालबालिकाहरुलाई शिक्षा दिन गैरसरकारी तथा सरकारी स्तरबाट विभिन्न किसिमका प्रयासहरु भइरहेका छन् । अपाङ्ग बालबालिकाहरुलाई शिक्षा प्रदान गर्नका लागि सिकाइ पक्ष

मजबुत हुनु जरुरी छ । अपाङ्गको आधारमा उपलब्ध स्रोत साधनहरुको सही सदुपयोग हुनुपर्छ । कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सिकाइ पक्ष राम्रो हुनुपर्छ । उचित सिकाइ नभएमा कार्यक्रमलाई लक्ष्य प्राप्त गर्नमा समस्या पदर्छ । विद्यार्थीहरुलाई उद्देश्य प्राप्त गर्नको लागि सिकाइ पक्ष राम्रो हुनुपर्छ । विद्यार्थीलाई उद्देश्य प्राप्त गर्न व्यवस्थापनले सहयोग पुऱ्यायो वा पुऱ्याएन जस्ता कुराहरुको समय समयमा अध्ययन अनुसन्धान हुन जरुरी छ । असल भविष्यको लागि पनि निर्देशक हुन सक्छ । यी विविध विषयलाई मननः गरी यो अध्ययनलाई अगाडि बढाइएको छ ।

आजको २१ औं सताब्धीमा पनि परिवार र समाजमा अपाङ्ग बालबालिकाहरु प्रति नकारात्मक सोच रहेको पाइन्छ । अपाङ्ग बालबालिकाहरु  पढ्न लेख्न र व्यवहारिक सामान्य जीवनयापन गर्न सक्दैनन् भन्ने नकारात्मक सोचाई मात्र हो । तर वास्तवमा अपाङ्ग बालबालिकाहरुलाई पनि सिकाइ गऱ्यो भने उनीहरुको व्यवहारमा परिवतर्न आई सामान्य जीवनयापन गर्न योग्य बन्न सक्छन् । यी पक्षहरु माथि मध्यनजर गर्दै विशेष शिक्षा मार्फत अपाङ्ग बालबालिकाहरुका लागि नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रमको प्रभावकारिता कस्तो छ ? शिक्षण सिकाइ व्यवस्थापनले अपाङ्ग बालबालिकाहरु माथि कस्तो किसिमको समस्या आउने गरेको छ ? ती समस्यालाई कसरी समाधान गर्न सकिन्छ ? ती बालबालिकाको शिक्षण सिकाइका यस्ता समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ? भन्ने जिज्ञासाहरुको उत्तर खोज्न यो अनुसन्धान गरिएको छ ।

अपाङ्गता भएका बालबालिकाका लागि सञ्चालित स्रोत कक्षाहरुको वास्तविकता पहिचान गरी तिनीहरुको सिकाइका सवल पक्ष पहिल्याउन सिकाइको अवस्था पहिचान गर्ने, सिकाइको प्रभाव सम्वन्धी अध्ययन गर्ने, सिकाइमा आउने समस्या पहिचान गर्ने, समस्या समाधानका उपायाहरु खोज्ने जस्ता क्षेत्रहरुलाई समस्याको रुपमा लिइएको छ । ती समस्याहरुलाई नै उद्देश्यको रुपमा लिई अपाङ्ग बालबालिकाको सिकाइमा व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

हरेक अनुसन्धान कुनै अर्थपूर्ण समस्या समधान गर्न नयाँ तथ्य र सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको लागि गरिएको हुन्छ । सवैले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न अपाङ्ग र साङ्ग दुवै प्रकारका बालबालिकाहरुले शिक्षा प्राप्त गर्नु अपरिहार्य छ । विश्व शिक्षा मञ्च (World Education Forum) को लक्ष्य अनुसार ‘सबैका लागि शिक्षा हाम्रो सामुदायिक प्रतिवद्धता’ भन्ने मूल नारालाई सफल बनाउन नेपालमा पनि समाहित शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको पाइन्छ ।

वि. सं. २०६१ सालबाट सङ्खुवा सभा जिल्लामा पनि विशेष शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको पाइन्छ । विशेष शिक्षा कार्यक्रमको एक मुख्य पाटाको रुपमा अपाङ्गहरुलाई लिने गरिन्छ । अपाङ्ग बालबालिकाहरु समाजका वोझ होइनन् । उनीहरुलाई सामान्य बालबालिकालाई भन्दा भिन्न ढङ्गले सिकाइ गरेमा उनीहरुले सिक्न सक्छन र स्वावलम्वी भई समाजमा बाँच्न सक्छन् । यस्तो किसिमको धारणा समाजका मानिसहरुमा ल्याउनु आजको आवश्यकता हो । त्यसकारण यस अध्ययनले अपाङ्ग बालबालिकाले कसरी सिक्छन् ? उनिहरुको सिकाइ प्रति आमाबाबु, अभिभावक, शिक्षक, साथीसङ्गीको दृष्टिकोण कस्तो छ । अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनमा के कस्ता समस्याहरु रहेका छन् ? ती समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ? उनीहरुलाई प्रभावकारी शिक्षण कसरी गर्न सकिन्छ ? आदि प्रश्नहरुको उत्तर खोज्ने प्रयास यस शोध प्रस्तावनामा गरिएको छ । यस अध्ययनबाट प्राप्त भएको निकर्षले अपाङ्ग बालबालिका, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाहरुका लागि शिक्षा सम्वन्धी नीति निर्माताहरुका लागि प्रभावकारी शिक्षण गर्न के कस्तो नीति तय गर्नुपर्ने हो त्यस सम्वन्धी नीति निर्माण गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

१. अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनको वर्तमान अवस्था पत्ता लगाउनु,

२. अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनमा देखिएका समस्याहरु पत्ता लगाउनु ।

३. अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनमा सुधार गर्नका लागि सुझावहरु प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका लागि अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार रहेका छन् :

१. अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनको अवस्था कस्तो रहेको छ ?

२. अपाङ्ग बालबालिकाहरुको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु के के हुन ?

३. अपाङ्ग बालबालिकाहरुको घरायासी वातावरण कस्तो छ ? यी बालबालिकाका सिकाइका चुनौतिहरु के के हुन ?

४. अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनमा के के समस्याहरु रहेका छन् ?

५. अपाङ्ग बालबालिकाहरुले सिकाइ व्यवस्थापनमा झेल्नु परेका समस्याहरुको समाधान गर्न के कस्ता उपायहरु अबलम्बन गर्नुपर्ला ?

## १.६ अध्ययनको परिसिमा

यस अध्ययनलाई सहजरुपमा अगाडि बढाउन समय, साधन र श्रोतलाई ध्यानमा राखी अध्ययन क्षेत्र सङ्खुवासभा जिल्लामा सञ्चालित बहिरा तथा सुस्त श्रवण अपाङ्ग स्रोत कक्षाहरु श्री महेन्द्र उ. मा. वि. मानेभञ्ज्याङ्ग र श्री सरस्वती मा. वि चैनपुरमा अध्ययनरत अपाङ्ग बालबालिका सम्वन्धित स्रोत शिक्षक, सम्वन्धित विद्यालयका प्र.अ., वि.व्य.स.र अध्ययनरत अपाङ्ग बालबालिकाहरुका अभिभावकहरुमा मात्र यो अध्ययनलाई सीमित गरिएको छ ।

### समय

यस अध्ययनको समयावधि ६ महिनाको रहने छ । जसमा २०७१ मंशिर देखि २०७२ वैशाखसम्म रहेको छ ।

### स्रोत

अध्ययन अनुसन्धानको कममा तथ्याङ्कको स्रोतलाई दुई प्रकारमा लिइयो । जसमा प्राथमिक स्रोतका रुपमा अन्तर्वार्ता, छलफल विधिबाट तथ्याङ्क सङकलन गरिएका छन् । यसमा विद्यालयका प्र.अ., स्रोत शिक्षक, विद्यार्थीहरुबाट प्राप्त भएका तथ्याङ्कमा आधारित रहेको छ । त्यसैगरी द्वितीय स्रोतको रुपमा विद्यालयमा भएका वार्षिक कार्ययोजना, पाठ्यक्रम, विद्यालयको वुलेटिन, विद्यालयमा भएका विद्यार्थी हाजिरी रेकर्ड, रेकर्ड फायलहरु आदि रहेका छन् ।

### साधन

अध्ययनको अनुसन्धानमा प्रश्नावली सर्वेक्षण अवलोकन फारम मुख्य साधनको रुपमा लिइने छ ।

### जनसङ्ख्या

यस अध्ययनको जनसङ्ख्यामा सङ्खुवा सभा जिल्ला खाँदवारी नगरपालिका ३ मा रहेको श्री महेन्द्र उ. मा. वि मानेभञ्ज्याङ्ग र चैनपुर नगरपालिका वडा नं. १० मा रहेको श्री सरस्वती मा. वि. चैनपुर गरी दुईवटा सामुदायिक विद्यालयका १०/१८ गरी २८ जना अध्ययनको जनसङ्ख्याको रुपमा लिइएको छ ।

### सामान्यीकरण

यस अध्ययनको कममा विद्यालयका प्र. अ., स्रोत, शिक्षक र विद्यार्थीलाई समावेश गर्दै विद्यालयमा हुने शैक्षिक उपलब्धि र अतिरिक्त कियाकलापले सिकाइमा पार्ने प्रभावको वारेमा प्रष्ट्याउने ।

## १.७ मूख्य शव्दहरुको परिभाषा

### क. अपाङ्ग

शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा विद्यमान समस्या, कठिनाइको कारण भौतिक सामाजिक, साँस्कृतिक वातावरणबाट सृजना भएको र सञ्चार समेतको अवरोधले दैनिक

क्रियाकलापमा सामान्य रुपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागी हुन । सम्मान पूर्ण जीवनयापन गर्न कठिनाई हुने अवस्था अपाङ्ग हो ।

### ख. बालबालिका

उमेर हिसाबमा २ वर्ष देखि १६ वर्ष सम्मका केटाकेटीलाई बालबालिका भनिन्छ ।

### ग. व्यवस्थापन

संस्थाको पूर्व निर्धारित उद्देश्य हासिल गर्नका लागि आवश्यक सीमित स्रोत साधन प्रवन्ध गर्न समन्वय गर्ने र समूचित एवम् व्यवस्थित रुपवाट सञ्चालन गर्ने कुशल प्रक्रियालाई व्यवस्थापन भनिन्छ अंग्रेजीमा यसलाई एइम्स्र्ट भनिन्छ । ( कोइराला, विद्यानाथ, श्रेष्ठ चन्द्रवहादुर ) ।

P=Planing

O=Organizing

D=Directing

C=Co-radiating

### घ. व्यवस्थापनको आधार

अपाङ्ग बालबालिकाहरुलाई सिकाइ व्यवस्थापनका आधारहरु अन्तर्गत आवाशीय सुविधाहरु पाठ्यपुस्तकको व्यवस्था, शौक्षिक सामग्रीको उपलब्धता, परीक्षामा थप समयको व्यवस्था, परीक्षामा सहभागिको व्यवस्था, पोशाकको व्यवस्था र अभिभावकको सल्लाह सुझाव पर्दछ ।

# परिच्छेद दुई :
# सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान गर्नका लागि  त्यस अध्ययनसंग सम्वन्धित साहित्य,लेख रचना, अध्ययन प्रतिवेदनको अध्ययन  गर्नुपर्ने हुन्छ । त्यसैले अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन अध्ययन शीर्षकसंग सम्वन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

(क) विधा : शोधपत्र
शोध शिर्षक : सुस्तमनस्थिति कार्यक्रम एक अध्ययन
शोधकर्ता : राजेन्द्र भण्डारी
शोध वर्ष : २०६८
पेश भएको क्याम्पस : धनकुटा वहुमुखी क्याम्पस ।

वौद्धिक अपाङ्गता र विशेष शिक्षा कार्यक्रम एक अध्ययन भन्ने शीर्षकमा भण्डारी (२०११) ले धनकुटा जिल्लामा सञ्चालित ४ वटा सोत कक्षामा गरेको अध्ययनबाट निम्न निष्कर्ष निकालेको पाइयो ।

स्रोत कक्षामा वौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका विशेष शिक्षा सम्वन्धी गृह भेटघाट कार्यक्रममा अभिभावक जागरण गोष्ठीमा सहभागी  भएको पाइन्छ । आफ्ना बालबालिकाहरुको विद्यालय गएपछि साधारण लेख पढ् गर्न, दैनिक क्रियाकलाप गर्न, साथीहरुसंग हेलमेल हुन सहयोग पुगेको तर छात्राबासमा बस्नुपर्ने हुँदा परिबारबाट एक्लिएको, कार्यमूलक तथा सीपमूलक शिक्षा दिनुपर्ने ४३.३६ प्रतिशत बालबालिकाहरु  पुन : स्थापित भएका सरकारले शतप्रतिशत र समाजले सहयोगीको भूमिका  खेल्नुपर्ने आवश्यकता औंल्याइएको छ । विद्यालयहरु शान्त, सफा र स्वच्छ वातावरणमा रहेका, धेरै जसो अर्धपक्की भवनहरु रहेका, विद्यालय कम्पाउण्ड, शौचालय, खानेपानी र खेलमैदानको

व्यवस्था राम्रो भएको शिक्षक अनुपात १:१० रहेको, १२ दिने जागरण तालिम शतप्रतिशत शिक्षकले, आधारभूत तथा जनचेतना जागरण सम्वन्धी तालिम ५७.१ प्रतिशले लिएका, शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्ने व्यावसायिक तालिमको आवश्यकता भएको पाइयो । सुस्त मनस्थिति पहिचान गर्न विशेष शिक्षा एकाइले विकाश गरेको मापदण्डलाई पूर्णरुपमा अवलम्वन गर्नुपर्ने विद्यार्थीहरुलाई प्राविधिक र व्यवसायिक तालिम दिनुपर्ने, काम गर्न सक्ने बालबालिकालाई कामको सुनिश्चित गर्नुपर्ने, शिक्षकलाई आकर्षित व्यवस्था मिलाउनु पर्ने, तालिम प्राप्त शिक्षक नियुक्ति गर्नुपर्ने, पुनःर्ताजगी तालिम, व्यवसायिक, प्राविधिक र कार्यमूलक तालिम दिर्नुपर्ने, बालबालिकाहरुका लागि उपयुक्त कक्षा कोठाहरु र फर्निचरको व्यवस्था हुनुपर्ने, स्थानीय स्तरमा प्राप्त हुने शैक्षिक सामग्री सङ्कलन गर्नुपर्ने सुझाव दिइएको छ ।

वौद्धिक अपाङ्गता विशेष शिक्षा कार्यक्रम शीर्षक माथि धनकुटा जिल्ला भण्डारी (२०११) मा गरिएको अध्ययन र त्यसको निष्कर्षलाई हेर्दा समष्टिगत रुपमा धनकुटा जिल्लाका बौद्धिक अपाङ्ग सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको पाइएको देखिन्छ । यस अध्ययनबाट आएका निष्कर्षलाई विश्लेषण गर्दा सञ्चालित कार्यक्रममा सकारात्मक र नकारात्मक दुवै पक्षहरु देखिन्छन् । सकारात्मक पक्षहरुमा विद्यायहरुमा शान्त, सफा, स्वच्छ वातावरण हुनु, शिक्षक र विद्यार्थीको अनुपात १ : १० हुनु, जनचेतनामा जागरण कार्यक्रम सञ्चालन गर्नु रहेको छ भने नकारात्मक पक्षमा समय समयमा शिक्षकहरुको पुनःर्ताजगी तालिम नहुनु, व्यावसायिक शिक्षामा ध्यान नपुर्‍याउनु, कक्षा कोठा र फर्निचरको उपयुक्त व्यवस्था नहुनु रहेको छ । निष्कर्षमा भन्नु पर्दा भण्डारी अध्ययन र त्यसपछि प्राप्त निष्कर्ष राम्रो, प्रभावकारी र उद्देश्यमूलक रहेको पाइन्छ ।

वौद्धिक अपाङ्गता कार्यक्रमको प्रभावकारिता एक अध्ययन भन्ने शीर्षकमा कट्टेल (२०५६) ले पाँच वटा स्रोत कक्षाहरुमा गरेका अध्ययनलाई पुनरावलोकन गरिएको छ । यस अध्ययनले वौद्धिक अपाङ्गता कार्यक्रमको अवस्था कस्तो छ ? ती कार्यक्रमहरु कतिको प्रभावकारी रुपले सञ्चालन भएका छन् ? स्रोत कक्षाका विद्यार्थीहरुले हासिल गरेका भाषा र गणित सम्वन्धी सीप र क्षमता के कस्ता छन् ? अभिभावक र समाजको यस प्रति धारण कस्तो रहेको छ ? जस्ता प्रश्नहरुमा केन्द्रित रहेर यस अध्ययनलाई अगाडि वढाइएको पाइयो । यी विविध

पक्षहरुको उत्तर प्राप्त गर्न सम्वन्धित विद्यालयका स्रोत शिक्षक, विद्यार्थी र सम्वन्धित अभिभावकलाई नमूनाको रुपमा लिइएको थियो । नेपाल सरकार शिक्षा मन्त्रालय, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, विशेष शिक्षा एकाइद्वारा झापा जिल्लामा सञ्चालित यस कार्यक्रमले त्यस क्षेत्रमा सकारात्मक प्रभाव छोड्नुको साथै सुस्त मनस्थितिका बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गरेको पाइन्छ । यसले विद्यार्थीको ज्ञान , सीप र धारणमा परिवर्तन ल्याउनु र वौद्धिक विकास मात्र नगरेर अभिभावकहरुमा समेत सचेतना फैलिइएको पाइयो । यस अध्ययनले विशेष शिक्षा कार्यक्रम ज्ञानमुखी मात्र नभएर व्यवहारिक सीप, व्यवसायमूलक कार्यहरुमा प्रदान गर्ने खालको हुनुपर्ने आवश्यकता औंल्याएको पाइन्छ । साथै सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनुपर्ने अनिवार्यता पनि देखाइएको छ ।

वौद्धिक अपाङ्गता कार्यक्रमको प्रभावकारिता सम्वन्धी कट्टेलले २०५६ मा झापा जिल्लामा गरेको अध्ययनको निष्कर्षलाई हेर्दा झपा जिल्लामा सञ्चलित वौद्धिक अपाङ्गता सम्वन्धी कार्यक्रम प्रभावकारी रहेको पाइएको देखिन्छ । यस अध्ययनका अनुसार वौद्धिक अपाङ्गता भएका विद्यार्थीहरुको ज्ञान, सीपर धारणामा परिवर्तन गर्ने सकारात्मक पक्ष रहेका छन् भने व्यवहारिक सीप, व्यवसायमूलक शिक्षा प्रदान नगर्नु नकारात्मक पक्ष रहेका छन् ।
बहिरा तथा सुस्त मनस्थिति स्रोत कक्षा व्यवस्थापनको प्रभावकारिता एक अध्ययन शीर्षकमा देवकोटा (२०६४) ले गरेको अध्ययनमा स्याङजा जिल्लामा बहिरा तथा सुस्तश्रवण भएका बालबालिकाको विशेष शिक्षा स्रोत कक्षा कार्यक्रमका सहभागिता अध्ययन गर्नु, अभिभावक तथा शिक्षकहरुको कार्यक्रम प्रतिको धारणा, कार्यक्रमको प्रभावकारिताको पहिचान गर्नु जस्ता उद्देश्यहरु राखिएको पाइयो । सो अध्ययनका लागि प्रश्नावली, अवलोकन, छलफल, उपलब्धि परीक्षा आदि साधनको प्रयोग गरेको पाइयो । जसमा १० जना विद्यार्थीमा एक जना शिक्षक रहेको प्रतिवेदनमा उल्लेख गरेको पाइयो । स्रोतकक्षामा विद्यार्थीहरुको शिक्षण सिकाइका लागि प्रदर्शन विधि, अभिनय विधि, खेल विधि, छलफल विधि र अध्ययन भ्रमण विधिको प्रयोग गरी शिक्षकहरुले शिक्षण गर्ने गरेको शोधपत्रमा उल्लेख गरिएको छ । जम्मा २० जना विद्यार्थी, २० जना अभिभावक २ जना स्रोत शिक्षक, २ जना प्र.अ. र २ जना वि.व्या.स.का अध्यक्ष माथि गरिएको शोधसार १०० प्रतिशत विद्यार्थीहरुमा सकारात्मक

प्रभाव परेको शोधपत्रमा उल्लेख गरिएको छ । त्यसैगरी शिक्षण सिकाइ र व्यवहार परिवर्तनमा १०० प्रतिशत धारणा सकारात्मक रहेको शोधपत्रमा उल्लेख गरेको पाइयो । बहिरा तथा सुस्त स्रोतकक्षा व्यवस्थापनको प्रभावकारिता शीर्षक माथि देवकोटाले २०६४ सालमा स्याङजा जिल्लामा गरेको अध्ययनलाई विश्लेषण गर्दा प्राप्त अध्ययनको निष्कषबाट पुष्टी हुन्छ कि सञ्चालित कार्यक्रम प्रभावकारी रहेको छ । यस अध्ययनका अनुसार सञ्चालित स्रोत कक्षामा विद्यार्थीहरुको सहभागिता हुनु, शिक्षक र विद्यार्थीको अनुपात १:१० हुनु, शिक्षण सिकाइ कियाकलापका लागि प्रदर्शन विधि, अभिनय विधि, खेल विधि, छलफल विधि र अध्ययन भ्रमण विधिको प्रयोग गर्नु सकारात्मक पक्ष रहेका छन् भने विद्यार्थीहरुमा सीप व्यवसायमूलक शिक्षा नदिनु नकारात्मक पक्ष रहेको पाइन्छ ।

(ख) विधा : शोधपत्र

शोध शिर्षक : नेपालमा अपाङ्गहरुको शिक्षा तथा रोजगार क्षेत्रको व्यवस्था

शोधकर्ता : शशिकला सिंह

शोध वर्ष : २०६८

पेश भएको क्याम्पस : महेन्द्र रत्न क्याम्पस ताहाचल ।

नेपालमा वौद्धिक अपाङ्गहरुको शिक्षा तथा रोजगार व्यवस्थापन शीर्षकमा शोधकर्ता शशीकला सिंह प्रधानद्वारा अनुसन्धान गरिएको पाइएको छ । उक्त अध्ययनमा उल्लेखित उद्देश्यहरु नेपालमा अपाङ्गहरुको शिक्षा तथा रोजगार क्षेत्र व्यवस्थापनको स्थिति पहिल्याउने, अपाङ्गहरुको शैक्षिक स्थिति र रोजगारका अवसरमा सुधार ल्याउने सम्भावनाको पहिचान गर्ने, अपाङ्गहरुको सामाजिकीकरणका लागि सम्भाव्य स्थितिको पहिचान गर्ने, समाजमा अपाङ्गहरुको क्षमता र योग्यताको परिचय तथा अध्ययन गर्ने, अपाङ्गहरुको सहयोगका निम्ति स्थापित निकायहरुको कार्यक्रम तथा समस्याहरुको पहिचान गर्ने रहेका छन् ।

उक्त शोधपत्रको अध्ययनको परिसीमालाई उपत्यकाका जिल्लाहरु काठमाडौं, भक्तपुर, ललितपुर तथा पोखरा र धरानबाट अपाङ्ग, दृष्टिविहिन, बहु–अपाङ्गको अध्ययन, शैक्षिक तथा रोजगार तर्फ एक– एक स्कुल र कार्यक्षेत्रलाई मात्र सम्मिलित गरिएको छ। उक्त शोधपत्रले अध्ययनमा समावेश प्र.अ. शाखाका प्रमुख तथा शिक्षक, कर्मचारी आदि गरेर जम्मा २६० जनालाई ओगटेको छ। त्यसै गरी दृष्टिविहिन, बहिरा, शारीरिक अपाङ्ग, बहुशारीरिक अपाङ्ग गरी जम्मा १६० जना रहेका छन्। सोधकर्ताले अन्तर्वार्ताका नामावलीका आधारमा शिक्षक, प्र.अ., कर्मचारी, शाखा प्रमुखसँग लिएका प्रश्नावालीका आधारमा व्याख्या, विश्लेषण गरिएको छ। उक्त अध्ययनवाट निश्किएका प्राप्तिहरु अपाङ्ग बच्चालाई पनि अरु वच्चा सरह समान सामाजिक आवश्यकता, हेरचाह, मायाँको उपलब्धता गराउनु पर्छ। अपाङ्गहरुलाई विशेष शिक्षा कार्यक्रममा समावेश गर्नुकपर्छ। अपाङ्गहरुलाई स्ववलम्बनको दिशामार्फत केन्द्रित गराउनु पर्छ। अपाङ्गहरुलाई हिनतावोध कम गर्ने, कानुनी अभावको महसुस गरिएको देखाइएको छ। त्यस्तै गरी सो अध्ययनले बहिरा, सुस्तमनस्थिति भएका र दृष्टिविहिनहरुका लागि थोरै मात्रामा विद्यालय सञ्चालन भएका, दृष्टिविहिन तथा बहिरालाई जस्तो बेग्लै पाठ्यसामग्रीको आवश्यकता पर्ने, ह्वील चेयर, खुट्टा, हात वा ट्राइसाइकलको व्यवस्था गर्नुपर्ने अपाङ्गहरुको वर्गीकरण गरी रोजगारीको व्यवस्था मिलाउनुपर्ने, नेपाल सरकारका संघ संस्थाहरुमा अपाङ्गहरुका लागि शैक्षिक र रोजगार सम्वन्धी कोटाहरु सुरक्षित गर्नुपर्ने देखिन्छ। विशेष शिक्षा वा एकीकृत विद्यालय सञ्चालन गरी शिक्षा दिलाउनु पर्ने जस्ता निष्कर्षहरु निकालिएको छ।

शोधकर्ता श्री शशीकला सिंह प्रधानद्वारा भेदभावको अन्त्य हुनुपर्ने, व्यवसायिक केन्द्रहरुको स्थापना हुनुपर्ने, सरकारी जागिरमा आरक्षण गराउनु पर्ने, अपाङ्ग सम्वन्धी विशेष शिक्षा नीति निर्माण गरी उपलब्ध गराउनु पर्ने, उपचार तथा पुनःस्थापनाको कार्य शुरु गर्नुकपर्ने, अपाङ्गहरुको रोजगारी सम्वन्धी स्पष्ट नीति हुर्नु पर्ने, सामाजिक चेतनाको विकास गराउनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरेको पाइन्छ।

अन्त्यमा उक्त अनुसन्धान पत्रको अध्ययनबाट यस अध्ययनको लागि अनुसन्धानका उद्देश्य निर्धारण, समस्याको कथन विशेष गरी अपाङ्गता भएकाहरुको लागि शिक्षा र रोजगारमा पहुँच अनुसन्धान विधिहरु निर्धारण गर्ने कार्यमा सहयोग पुग्न गयो।

## २.२ अध्ययनको  सैद्धान्तिक खाका

कुनै पनि विषयको अध्ययन गर्नको लागि त्यस विषयसँग मिल्ने बिचार सिद्धान्तको आवश्यकता पर्दछ । अध्ययनलाई व्यवस्थित तरिकाले लैजानको लागि सिद्धान्तहरुको अवलम्वन गर्नुपर्ने हुन्छ । यस अध्ययनका लागि सामाजिक सिकाइका सिद्धान्तलाई अवलम्वन गरिएको छ । यस सिद्धान्तका प्रतिपादक अमेरिकी मनेवैज्ञानिक वाण्डुरा हुन् । व्यवहारवादी र संज्ञानवादी सिद्धान्त भन्दा पृथक रहेको यो सिद्धान्तको मूल स्रोत सामाजिक वातावरण हो । यस सिद्धान्तमा सिकारुलाई सामाजिक वातावरणको माध्यमबाट उनीहरुको दयानात्मक, धारणात्मक सीपहरुको कियात्मक, सृजना, पुनर्वल जस्ता व्यवस्थापनमा परिवर्तन गर्न सकिन्छ । यस सिद्धान्तमा अभ्यास तथा सिद्धान्तहरुको यान्त्रिक प्रयोगद्वारा मात्र सिकाइ नभई पारिवारिक एवम् अन्य वातावरणको अवलोकन र अनुशरणको प्रयोगबाट सिकाइ गर्न सकिन्छ भन्ने पक्षमा जोड दिइएको देखिन्छ । मानसिक रोगहरुको उपचारमा यस नमूनालाई प्रयोग गरेपछि शिक्षा शिक्षण नमूनाका रुपमा यसलाई विस्तारित गरिएको पाइन्छ । सबै व्यक्तिहरु आफ्ना–आफ्ना समस्याहरु समाधान गर्न आफैं सक्षम हुन्छन् भन्ने आधारमा यस सिद्धान्तको निर्माण भएको हो । यस नमूनालाई विद्यार्थीहरुको आफ्नो आत्मक्षमता बढाउन, वौद्धिक विषयहरु सिकाउन, व्यक्तिका व्यक्तिगत सम्वन्धहरुको विकास गराउन र व्यक्तिलाई शिक्षण कियाकलापमा सम्लग्न गराउन प्रयोग गरिन्छ ।

वास्तवमा वौद्धिक अपाङ्ग बालबालिका असहाय र असाधारण प्रतिकिया देखाउने भएकाले उनीहरुलाई समाजमा समायोजन गराई सामाजिक जीवन यापन गर्न योग्य वनाउनु शिक्षाको मूल कार्य हो । शिक्षण सिकाइको माध्यमबाट उनीहरुलाई समाजमा समायोजन योग्य  त्यति बेला मात्रबनाउन सकिन्छ ; जतिबेला सामाजिक शिक्षा प्राप्त गराई ;उनीहरुको व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ । यसका लागि वौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई समाजमा राखी वा सामाजिक वातावरण सिर्जना गरेर मात्र शिक्षण सिकाइ गरेमा उनीहरुको व्यवहारमा सामाजिक परिवर्तन गर्न सकिन्छ र सीपमूलक सिकाइबाट समाजमा जीवनयापन गर्न योग्य वनाउन सकिन्छ । वाण्डुराको यस सामाजिक सिकाइ सिद्धान्तमा सामाजिक वातावरणमा जोड दिइएको र सामाजिक वातावरणको सिकाइबाट सिकारुहरुको ध्यानात्मक, धारणात्मक, सीप र पुनःर्वल जस्ता व्यवस्थापनमा

परिवर्तन गर्न सकिने भएकोले र बौद्धिक अपाङ्ग भएका बालबालिकाहरुमा यस्ता परिवर्तन ल्याउन आवश्यक भएकोले र समाजमा जीवनयापन गर्न सक्ने समेत बनाउनु पर्ने भएकाले यो सिद्धान्त अपाङ्ग भएका बालबालिकाको सिकाइ व्यवस्थापनसँग मेल खाने भएकोले उनीहरुको सिकाइ व्यवस्थापनमा यो सिद्धान्तलाई अवलम्वन गर्नु पर्ने देखिन्छ ।

अपाङ्ग बालबालिकामा सिकाइ व्यवस्थापन ढिलो हुने गरेको र सामाजिक वातावरणको व्यवहार भन्दा फरक किसिमको व्यवहार समेत देखाउने भएकोले सामाजिक सिकाइ सिद्धान्तलाई अवलम्वन गरी उनीहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याई समाजमा समायोजन गर्न योग्य बनाउन सकिन्छ । यस सिद्धान्तले सीपमा पनि जोड दिइएकाले अपाङ्ग बालबालिकाहरुको लागि सीपको पनि आवश्यकता पर्ने भएकोले र यस सिद्धान्तले अपाङ्ग बालबालिकाहरुको व्यवहारिक पक्षहरुमा समेटेकोले यस शोधमा वाण्डुराको यस सामाजिक सिकाइ सिद्धान्तलाई आधारको रुपमा लिइएको छ ।

## २.३ सम्बन्धित साहित्यको उपायदेयता

यस अनुसन्धानलाई सफल, साँचो र यथार्थ जानकारीमा सम्लग्न गर्ने प्रभावकारिता ल्याउनका लागि विभिन्न प्रकाशित अप्रकाशित दस्तावेज शोध सिद्धान्त आदिको अध्ययन गरिएको थियो । यी साहित्य तथा पुनरावलोकनले शोध प्रस्तावनालाई निश्चित गन्तव्यमा पुऱ्याउन सहयोग गरेको छ । यसको अध्ययनको क्रममा पुनःरावलोकन गरिएको साहित्यले के देखाउँछ भने मानवीय मष्तिष्कको क्षमतामा व्यक्तिगत विविधता पाइनछ । केही वैयक्तिक वंशाणुगत रुपमा नै चलाख र तीक्ष्ण बुद्धिका हुन्छन् भने कोही जन्मै सुस्त तथा कमजोर मनस्थितिका हुन्छन् । मष्तिष्क कमजोर हुनु पूर्वजन्मको पाप नभएर यो एक विशेष अवस्था मात्रै हो । त्यसैले सबै प्रकारका बालबालिकाहरुलाई बालअधिकार दिइनु पर्छ । शिक्षा प्राप्त गर्ने हरेक बालबालिकाको मौलिक र नैसर्गिक अधिकार हो । त्यसैले बौद्धिक अपाङ्ग तथा सुस्त मनस्थितिका बालबालिकाहरुका लागि विशेष तरिकाले शिक्षण सिकाइ गरी समाजमा स्वावलम्वी भई बाँच्नु पर्ने कुरा दर्शाइएको छ ।

अपाङ्ग बालबालिकाहरुका लागि सिकाइ व्यवस्थापन त्यति बेला मात्र उपलब्धिमूलक हुन सक्छ । जति वेला उनीहरुको व्यवहारमा परिवर्तन गरी समाजमा समाायोजन गराई जीवनयापन गर्न योग्य बनाउन सकिन्छ । उनीहरुलाई समाजमा समायोजन गर्न योग्य बनाउनका लाीग व्यवहारिक शिक्षा प्रदान गर्नु पर्ने अनिवार्यता देखिन्छ । व्यवहारिक शिक्षा त्यतिवेला मात्र प्रदान गर्न सकिन्छ जति बेला उनीहरुलाई सामाजिक वातावरण प्रदान गर्न सकिन्छ । सामाजिक वातावरणमा राखेर अपाङ्ग बालबालिकाहरुलाई शिक्षण सिकाइ क्रियाकलाप गरियो भने उनीहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याई समाजमा जीवन यापन गर्न योग्य बनाउन सकिन्छ । अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनको अवस्था व्यवहारिक तथा सीपमूलक परिवर्तन सिकाइका उपलब्धि, सिकाइमा देखिएका समस्या र समाधानका उपाय जस्ता पक्षहरुको अध्ययन गर्न शोधकर्ताले छनौट गरिएका विद्यालयका स्रोत शिक्षक, प्र.अ., अभिभावक, वि.व्या.स.का अध्यक्ष र विद्यार्थीहरुवाट सङ्कलन गरिएका तथ्याङ्क र सुझावहरुका आधारमा सिकाइ व्यवस्थापनका उपादेयताहरुलाई प्रस्तुत गरिएको छ ।

विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक पक्षको समानुपातिक विकासका लागि उपयुक्त पक्षसँग सम्वन्धित क्रियाकलापहरु सञ्चालित गर्नु पर्दछ । साथै अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । विद्यार्थीहरुले उराठलाग्दो समय वा वातावरणलाई जीवन्त तुल्याउन विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई शिक्षण क्रियाकलापको आवश्यकता पर्दछ ।

विद्यालयले उपयुक्त योजना बनाई अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने हुनाले विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग पुर्‍याउने काम गर्दछ । साथै त्यस्ता अतिरिक्त क्रियाकलापहरुले विद्यार्थीहरुको सर्बपक्षिय विकास गराउने देखिन्छ । वर्तमान अवस्थामा आइपुग्दा विद्यालयहरुले उपयुक्त ढङ्गवाट अतिरिक्त क्रियाकलाप गरेको पाइन्छ । वर्तमान अवस्थामा अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनमा अतिरिक्त क्रियाकलापले ठूलो सहयोग गरेको पाइन्छ । अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइ विद्यार्थीहरुको सर्वपक्षिय विकास गरि विद्यार्थीहरुलाई सक्षम र सबल नागरिक बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

# परिच्छेद तीन :
# अध्ययन विधि र प्रक्रिया

यो अध्ययनमा विषयवस्तुको शीर्षक अनुसार गुणनात्मक विधिको प्रयोग गरिएको छ । स्रोत कक्षामा विद्यार्थी भर्ना गर्ने आधारहरु के के छन् ? सिकाइ व्यवस्थापनमा समस्याहरु के के देखिए ? सिकाइ व्यवस्थापनमा देखिएका समस्याहरु समाधान गर्न के कस्ता प्रयासहरु गरिएका छन् ? सिकाइ व्यवस्थापनमा सुधार ल्याउने उपायहरु के के हुन् ? आदि तथ्याङ्क सङ्कलन गर्न प्रथमिक र द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कको रुपमा प्रश्नावली, अवलोकन, सर्वेक्षण फाराम आदिको प्रयोग गरिएको छ भने द्वितीय तथ्याङ्कको स्रोतको रुपमा विद्यालयमा राखिएका अभिलेख, हाजिरी रजिष्टर लगायत सम्वन्धित साहित्यहरु रहेका छन् । यस बारेमा सङ्खुवा सभा जिल्लामा सञ्चालन भएका २ वटा स्रोत कक्षाका व्यवस्थापन पक्षको अध्ययन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गरिएको छ । विश्लेषणबाट प्राप्त हुन आएको नतिजालाई निश्कर्षको रुपमा देखाइएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान एउटा गहन प्रक्रिया हो । जसको प्रमुख उद्देश्य नै दुई वा सो भन्दा बढी तथ्याङ्क वा सिद्धान्तको बीच कारण र प्रभाावको सम्वन्ध पत्ता लगाई नयाँ सिद्धान्तको खोजी गर्नु हो, जुन एउटा खास उद्देश्यतर्फ लक्षित हुन्छ । अनुसन्धान कार्यको लागि गरिने वृहत योजना तथा रणनीति नै अनुसन्धान ढाँचा हो तथा अनुसन्धानत्मक ढाँचा भन्नाले अनुसन्धानको सम्पूर्ण योजना, संरचना एवम् कार्यक्रम भन्ने वुझाउँछ । यो मुख्यत : गुणात्मक, परिमाणात्मक र मिश्रित गरी तीन प्रकारको हुन्छ ( खनाल, २०६७) । यो अनुसन्धान मुलत : गुणात्मक ढाँचामा रहेको छ ।

## ३.२ जनसङ्ख्या तथा नमूना

### क) जनसङ्ख्या

यस अनुसन्धान अध्ययनका लागि सङ्खुवा सभा जिल्लामा सञ्चालित अपाङ्ग बालबालिकाका शिक्षण सिकाइका लागि दुईवटा स्रोत कक्षाका स्रोत शिक्षक, प्र.अ., वि.व्य.स.का सदस्य, सम्पूर्ण विद्यार्थी र विद्यार्थीका अभिभावकलाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

### ख) नमूना

श्री महेन्द्र उ.मा.वि. सुस्त श्रवण एवम् बहिरा विद्यालयमा ३ जना केटी , १२ जना केटा र श्री सरस्वती मा.वि चैनपुरमा ४ जना केटी , ३ जना केटा रहेका छन् ।

### ग) नमूना छनौट

सम्पूर्ण जनसङ्ख्याबाट छानिएका प्रतिनिधिमूलक सङ्ख्यालाई नमूना छनौट भनिन्छ । यस अध्ययनमा अपाङ्ग बालबालिकाहरुका लागि सङ्खुवा सभा जिल्लामा स्रोत कक्षा सञ्चालन भएका दुई वटा विद्यालय श्री महेन्द्र उ.मा.वि मानेभञ्ज्याङ्ग र श्री सरस्वती मा.वि चैनपुरलाई नमूनाको रुपमा अगाडि बढाइएको छ । उत्तरदाताको रुपमा दुई वटै स्रोत कक्षाका श्रोत शिक्षक, प्र.अ ,वि.व्य.स.का अध्यक्षहरु , अध्ययनरत सम्पूर्ण विद्यार्थी र विद्यार्थीका अभिभावक छनौट गरिएको छ । तिनीहरुलाई यस प्रकार उल्लेख गरिएको छः

विद्यालयः यस अध्ययनमा अध्ययनकर्ताको सुविधालाई ध्यानमा राखी सङ्खुवा सभाका दुई वटा विद्यालयहरु उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा छनौट गरिएको छ ।

शिक्षक : अपाङ्ग बालबालिकालाई शिक्षण गर्दै आएका अनुभवी शिक्षकहरुलाई उद्देश्यमूलक ढङ्गले छनौट गरी दुई वटा विद्यालयबाट महेन्द्र उ.मा.वि. बाट १ जना र सरस्वती मा.वि.चैनपुरबाट १ जना गरी २ जना शिक्षकलाई नमूनाको रुपमा छनौट गरिएको छ ।

प्र.अः दुई वटा विद्यालयका दुवै प्र.अ लाई उद्देश्यमूलक ढङ्गले छनौट गरिएको छ ।

विद्यार्थी : विद्यार्थीहरुको सिकाइ सम्वन्धी समस्याहरु पत्ता लगाउन विद्यालयका १५ र ७ जना गरी कुल २२ जना विद्यार्थीहरुलाई नमूनाको रुपमा लिइएको छ ।

### ३.३ तथ्याङ्कका श्रोतहरु

तथ्याङ्क सङ्कलन गर्ने क्रममा तथ्याङ्कका २ वटा स्रोतहरुलाई समावेश गरिएको छ । ती प्राथमिक श्रोत र द्वितीय श्रोत हुन् ।

#### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक तथ्याङ्कको स्रोत अन्तर्गत अध्ययनको छनौटमा परेका सङ्खुवा सभा जिल्लाका सञ्चालित स्रोत कक्षाका शिक्षक, प्र.अ. विद्यार्थी, अभिभावकसंग अध्ययनकर्ता स्वयम् उपस्थित भई उनीहरुलाई भेटी अन्तरवार्ता, छलफल, प्रश्नावली सोधी कक्षा अवलोकन पश्चात तथ्याङ्कको स्रोत सङ्कलन गरिएको छ ।

#### ३.३.२ द्वितीय स्रोत

द्वितीय तथ्याङ्कको स्रोत अन्तरर्गत अध्ययनसँग सम्वन्धित विद्यालयका बिभिन्न पुस्तक, शैक्षिक तथ्याङ्क, पत्रपत्रिका, मार्क लेजर र जनगणनावाट प्राप्त प्रतिवेदनलाई द्वितीय तथ्याङ्क स्रोतको रुपमा प्रयोग गरिएको छ ।

### ३.४. तथ्याङ्क सङ्कलनका साधनहरु

तथ्याङ्क सङ्कलनका साधनहरुको निर्माण गर्दा बिभिन्न साधनहरुको प्रयोग गरिएको छ । बिभिन्न तथ्याङ्कका साधनले भरपर्दो सही अपेक्षा गरेको सूचना प्रदान गरेको छ । यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नको लागि निम्नानुसार तथ्याङ्कका साधनको प्रयोग गरिएको छ ।

क. प्रश्नावली

ख. अन्तर्वार्ता

ग. कक्षा अवलोकन

घ. सामुहिक छलफल

क. प्रश्नावली

तथ्याङ्क सङ्कलन गर्नका लागि प्रश्नावली महत्वपूर्ण पक्ष हो । यस अध्ययनमा प्र.अ., विद्यार्थी, अभिभावकहरुलाई अनुसूची १,२,३,४ मा तयार गरिएको प्रश्नावलीहरु सोधिएको छ।

ख. अन्तरवार्ता

तथ्याङ्क सङ्कलन गर्नका लागि अन्तरवार्ता महत्वपूर्ण पक्ष हो । यस अध्ययन क्रममा अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन पक्षमा अध्ययन गर्न छनौट भएका विद्यालयका प्र.अ. , शिक्षक, अभिभावक, व्यवस्थापन समितिलाई अन्तरवार्ता लिइएको छ । जसमा सामुदायिक विद्यालयका प्र.अ. लाई विद्यालयको आर्थिक अवस्था, भौतिक अवस्था, सामुदायिक सहयोग शैक्षिक अवस्था, स्रोत शिक्षकको तालिम, शैक्षिक सामग्री, आवाशको अवस्था, मूल्याङ्कन प्रणाली, अपाङ्ग बालबालिका प्रति समाजको दृष्टिकोण शिक्षा कार्यालयबाट प्राप्त सहयोग अन्तरवार्तामा समावेश गरिएको छ ।

ग. कक्षा अवलोकन

अध्ययनको क्षेत्रको वास्तविकता र यथार्थता वुभ्कनको लागि अनुसन्धानकर्ता स्वयम्बाट विद्यालयमा गएर शिक्षकले पढाइरहेको विद्यार्थीको बसाइ व्यवस्था, पढाइप्रति देखाइएको रुची, अनुशासन, फर्निचरको व्यवस्थापन जस्ता कुराहरु प्रत्यक्ष अवलोकन गरी आवश्यक जानकारी समेटिएको छ । अवलोकन गर्ने क्रममा विद्यालय अवलोकन फारम प्रयोग गरिएको छ । यसको नमूना अनुसूची ५ मा उल्लेख गरिएको छ ।

घ. सामुहिक छलफल

यस अध्ययनमा अपाङ्ग बालबालिकाको अभिभावक, शिक्षक, समाजसेवी, शिक्षाविद्, महिला समूहसँग सामुहिक छलफल गरी जानकारी प्राप्त गरिएको छ । अपाङ्ग बालबालिकाको लागि

शिक्षाको बारेमा भौतिक सुविधा, कानुनी सेवा, तालिम, समुदायको योगदान शीर्षकहरुमा छलफल गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रकिया

अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापन शीर्षकमा गरिएको अनुसन्धान कार्यको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन प्रक्रियामा प्राथमिक तथ्याङ्क सङ्कलन विधि र द्वितीय तथ्याङ्क सङ्कलन विधि अपनाइने छ । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि नमूना छनौटमा परेका विद्यार्थी, अभिभावक, शिक्षक, प्र.अ. संग छुट्टा छुट्टै अन्तरर्वार्ता, छलफलका लागि प्रश्नावाली तयार गरिएको छ । भने द्वितीय तथ्याङ्क सङ्कलनका लागि अध्ययनसँग सम्वन्धित विद्यालय, विभिन्न पुस्तक, शैक्षिक अभिलेख, शैक्षिक तथ्याङ्क, पत्रपत्रिका आदि उपलब्ध सामग्रीको गहन अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकिया

यस शोधकार्यमा क्रमशः अध्ययन क्षेत्रबाट अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिसकेपछि अध्ययनको उद्देश्य अनुसार सङ्कलित तथ्याङ्क तथा सूचनालाई तार्किक एवम् प्रमाणिक निश्कर्षमा पुऱ्याउन गरिने व्यवस्थापनलाई तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण भनिन्छ । सङ्कलित सूचनाहरुको वर्गीकरण तथा तालिकीकरण गरिएको छ । सूचना एवम् तथ्याङ्कहरुलाई गुणात्मक ढाँचाबाट विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

# परिच्छेद चार :
# नतिजा बिश्लेषण

अध्ययन तथा अनुसन्धानका लागि छनौट गरिएका नमूनाबाट सही तथ्याङ्क प्राप्त गर्न तयार पारिएको साधनहरुको सहयोगले सङ्कलन गरिएको तथ्याङ्कहरुलाई व्याख्यात्मक रुपमा तालिकीकरण गरी विश्लेषणत्मक शैलीमा निम्नानुसार प्रस्तुत गरिएको छः

## ४.१ अपाङ्ग बालबालिकाहरुको सिकाइ तथा व्यवस्थापनको अवस्था

सिकाइ र व्यवस्थापन एक अर्काका पूरक हुन् । सिकाइ त्यतिवेला मात्र उपलब्धिमूलक हुन्छ जति बेला सिकाइ सम्वन्धी भएका व्यवस्थापन पक्ष राम्रो हुन्छ । यस अन्तर्गत कक्षाकोठाको व्यवस्थापन प्रमुख रुपमा पर्दछ । जसलाई मध्यनजर गर्दै अवलोकन फारम बनाई अध्ययन अनुसन्धान गरिएको थियो । अपाङ्ग बालबालिकाको सिकाइ अवस्थाबारे सङ्खुवा सभा जिल्लाको दुई स्रोत विद्यालयमा गरिएको अध्ययनमा जम्मा २२ जना अपाङ्ग बालबालिकाको नामाङ्कन गरिएको पाइयो । जसमा २२ जना विद्यार्थी नै कक्षा कोठामा उपस्थित भएको पाइयो । अध्ययनको क्रममा शैक्षिक सामग्रीको अवस्था, कक्षा कोठाको व्यवस्थापन,भौतिक अवस्थाको स्थिति, शैक्षिक सामग्री र पाठ्यपुस्तकको उपलब्धता राम्रो पाइनुका साथै शिक्षकको क्रियाशिलता, सिकाइ वातावरण र विद्यार्थीको सहभागिता अति उत्तम रहेको पाइयो ।

### ४.१.१ भौतिक व्यवस्थापन

सुस्तश्रवण तथा बहिरा विद्यालय श्री महेन्द्रमा उच्च माध्यमिक विद्यालय मानेभञ्याङ्गको भौतिक व्यस्थापनको वर्तमान अवस्था राम्रो रहेको पाइएको छ । अपाङ्ग बालबालिकाहरुका लागि छुट्टै दुईतले पक्की भवन रहेको, विद्यालयको कम्पाउण्ड घेराबार गरिएको, विद्यार्थीहरुलाई खेल्ने ग्राउण्डको व्यवस्था भएको अपाङ्ग मैत्री भौतिक वातावरण जसअनुसार सफा कक्षा कोठा र अनुकुल पाटी, अनुकूल फर्निचर हाते कुर्सी र बस्ने व्यवस्था भएको ,

कक्षामा भित्ते चित्र तथा मोडलबाट साफ सज्जा भएको शैक्षिक सामग्री संकलन, व्यवस्थित रखाइ र प्रयोगको अवस्था राम्रो रहेको पाइएको छ । सरल चित्रात्मक, रंगीन पाठ्यसामग्रीको उपलव्धता रहेको पाइयो । अपाङ्ग बालबालिकाहरुका लगि आवाशको राम्रो व्यवस्था भएको शौचालय, खानेपानीको राम्रो व्यवस्था रहेको पाइयो ।

पाठ्यपुस्तक पनि सिकाइ व्यवस्थापनको अभिन्न अङ्ग हो पाठ्यपुस्तकको अनुपस्थितिमा शिक्षण सिकाइ व्यवस्थापन उपव्धि मूललक तथा प्रभावकारी हुन सक्दैन। पाठ्यक्रममा उल्लेखि कुराहरु प्राप्तिका लागि माध्यम वा साधनको काम पाठ्यपुस्तकले गर्छ । पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य तथा सिकाइ उपलव्धिलाई पाठ्यपुस्तकमा रुपान्तरण गरिसकेपति पाठ्यपुस्तकको क्षेत्र र कमको आधारमा विद्यार्थीको क्षमता, उपलव्धि स्तर तथा रुचीसंग मेलखाने गरी तयार पारिएको विस्तृत पाठ्य सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ ।नेपाल सरकारले अपाङ्ग बालबालिकको लागि तायर गरेका पाठ्यपुस्तक, समयमा उपलव्ध हुन्छ कि हुँदैन भन्ने प्रश्नावलीको उत्तरमा स्रोत शिक्षकल् समयमा उपलव्धता हुन्छ तर अपाङ्ग बालबालिकाको लागि सटिक रुपमा सिकाइ उपलव्धि हासिल हुने गरिका पाठ्यपुस्तक भने उपलव्ध छैनन् भन्ने प्रतिक्रिया पाइयो । तसर्थ अपाङ्ग बालबालिकाहरुका लागि आवस्यक पाठ्यपुस्तकको उपतव्धताको अवस्था राम्रो देखिंदैन । सरस्वती माध्यमिक विद्यालय चैनपुरको भौतिक व्यवस्थापन समग्रमा अपाङ्ग बालबालिकाहरुकका लागि पठन पाठन गर्ने भवन छुट्टै रहेकको बालमैत्री बसाइ व्यवस्था, खानेपानी, शौचालय, शैक्षिक सामग्री, फर्निचरको व्यवस्था राम्रो रहेतापनि समयमा पाठ्यपुस्तक उपलव्धता हुन सक्दैन भन्ने प्रतिक्रिया स्रोत शिक्षकले बताउनु भयो ।

### ४.१.२ मनोबैज्ञानिक व्यवस्थापन

शिक्षण प्रभावकारी उद्देश्य मूलक बनाउनका लागि अपाङ्ग बालवालिकाहरुमा उनीहरुको मनोभवना बुझी सिकाइ व्यवस्थपन गर्दै शिक्षण गर्दा शिक्षकले कक्षा कोठामा राम्रो सम्बन्ध स्थापना गर्न सकिने वातावरणको सृजना गर्नु पर्छ । मेरो समस्या मैले समाधान गर्न सक्नु पर्छ भन्ने भवना जागृत गराउनु पर्छ र शिषणका उद्देश्य अनुसार उनीहरुको व्यवहारमा परिवर्तन गर्दै सिकाइ व्यवस्थापन गर्नु पर्छ । सङ्खुवा सभा जिल्लामा सुस्तश्रवण तथा बहिरा

विद्यालय मानेभञ्ज्यङ्गको मनोबैज्ञानिक व्यवस्थापनलाई अध्ययन गर्दा अपाङ्ग मैत्री वाताबरणमा शिक्षण गरेको पाइयो । कुनै पनि विषय वस्तु विद्यार्थी समक्ष प्रभावकारी ढंगले प्रस्तुत गर्ने माध्यम विधि हो । शिक्षकद्वारा विद्यार्थीहरुलाई विषय वस्तुको ज्ञान, सीप र अभिबृद्धिको विकास गराउन जे जस्तो माध्यम र व्यवस्थापन अपनाइन्छ । त्यसलाई विधि भनिन्छ '। शिक्षण विधि विद्यार्थीको रुची, उमेर स्तर र अध्यापन गराइने बिषयको प्रकृति र स्वरुप अनुसार प्रयोग गरेको पाइएको छ । अपाङ्ग बालबालिकाको उमेर रुची र प्रक्रिति एकप्रकारको नहुने भएको हुनाले कुनै पनि ठोस विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइ अपाङ्ग बालबालिकाको व्यवहारम परिवर्तन ल्याउनु साधारण कुरा होइन । यस जिज्ञासालाई प्रश्नावली पत्रमा उल्लेख गरी स्रोत शिक्षकलाई तपाईं कुन विधिको प्रयोग गर्नु हुन्छ भनी सोध्दा प्रयोगात्मक, प्रश्नोत्तर र सांकेतिक विधिको प्रयोग गर्ने प्रतिक्रिया दिइएको पाइयो । त्यसैगरी कक्षा संचालनका लागि २२० दिन छुट्टयाइएको, अपाङ्ग विद्यालय मानेभञ्ज्याङ्गमा शिक्षण गर्ने स्रोत शिक्षक तालिम प्राप्त रहनु भएको । अपाङ्गमैत्री शिक्षण गर्ने गरेको , अपाङ्ग बालबालिकहरुलाई शारीरिक दण्ड नदिने र विभेद नगर्ने, विद्यार्थीहरुलाई अपशव्द प्रयोग गर्ने , विद्यिार्थीले गरेकाा कामको प्रशंसा गर्ने विद्यार्थीले गल्ती गरेमा गाली नगरी सच्याइ दिने आदि अपाङ्गमैत्री वातावरणमा शिक्षण गर्ने गरेको प्रतिक्रिया महेन्द्र उच्च मा. वि. का स्रोत शिक्षकले बताउनु भयो ।

त्यसैगरी सङ्खुवा सभा जिल्लकै अर्को.सुस्त मनस्थिति विद्यालय सरस्वती मा. वि. चैनपुरम पनि अपाङ्ग मैत्री वातावरणमा शिक्षण गर्ने गरेको प्रतिक्रिया स्रोत शिक्षकले बताउनु भयो । सुस्तमनस्थिति भएका बालबालिकाहरुलाई शिक्षाण विधि प्रयोगात्मक, प्रश्नोत्तर र छलफल विधिबाट शिक्षण गर्ने, स्रोत शिक्षक तार्ालिम प्राप्त, विद्यार्थीहरुलाई अपशव्द प्रयोग नगर्ने , विभेद नगर्ने उनीहरुको इच्छा, चाहना चाहना, मनोभावना, रुची बुझ्रेर शिक्षण गर्ने गरेको प्रतिक्रिया स्रोत शिक्षकले बताउनु भयो ।

## ४.१.३ अपाङ्ग बालबालिकाहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी, उपलब्धिमूलक तथा उद्देश्यमूलक बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक सामग्रीको अनुपस्थितिमा शिक्षण सिकाइलाई प्रभावकारी बनाई बालबालिकाको व्यवहारमा परिवर्तन गर्न सकिंदैन । अपाङ्ग बालबलिकालाई सिकाइका माध्यमबाट उनीहरुमा व्यवहार परिवर्तन गर्नका लागि शीपमूलक शिक्षा प्रदान गर्नका लागि शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुनाले अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनको अवस्था सम्वन्धी अध्ययनको क्रममा शैक्षिक सामग्रिको प्रयोगको  अवस्था सम्वन्धी अध्ययन गर्दा दुवै स्रोत कक्षाका स्रोत शिक्षकले शैक्षिक सामग्री प्रयोग गरेको पाइयो । अर्थात शैक्षिक सामग्री प्रयोगको  अवस्था राम्रो रहेको पाइयो ।

## ४.१.३ अपाङ्ग बालबालिकाको शिक्षण सिकाइ पक्षको अवस्था

नेपाल सरकारले सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेको छ । जस अन्तर्गत अपाङ्ग बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन गर्दै आएको छ । सङ्खुवा सभा जिल्लामा पनि दुईवटा कक्षा सञ्चालन गरिएको छ । स्रोत कक्षाका शिक्षकहरुसँग शिक्षण सिकाइका कुन पक्षमा बढी जोड दिनु हुन्छ भन्ने प्रश्नावलीको उत्तरमा शिक्षक द्वयले व्यवहारिक पक्षका साथै सीपमूलक पक्षमा जोड दिएको कुरा बताउनु भयो । निश्कर्षमा भन्दा अपाङ्ग बालबालिकाहरुलाई समाजमा बस्न योग्य बनाउनका लागि व्यवहारिक पक्षका साथै सीपमूलक पक्षमा जोड दिइएको अत्यन्त राम्रो पक्ष देखिन्छ ।

### ४.१.४ अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनको मूल्याङ्कन सम्वन्धी व्यवस्था

शिक्षण सिकाइ क्रियाकलाप उपलब्धिमूलक, उद्देश्यमूलक र प्रभावकारी भयो वा भएन भनी त्यसको लेखाजोखा गर्नुलाई मूल्याङ्कन भनिन्छ । अपाङ्ग बालबालिकाहरुका लागि सञ्चालित स्रोत कक्षाका शिक्षकहरुद्वारा बालबालिकाहरुमा गरिएको शिक्षण सिकाइ व्यवस्थापनबाट उनीहरुमा आएको परिवर्तनको लेखाजोखा गर्नु नै अपाङ्ग बालबालिकाको सिकाइ व्यस्थापनको मूल्याङ्कन हो । सङ्खुवा सभा जिल्लामा सञ्चालित अपाङ्ग सम्वन्धी दुई वटा स्रोत कक्षाका शिक्षकहरुबाट सिकाइ व्यवस्थापनका मूल्याङ्कनका लागि कुन कुन साधनको प्रयोग  गर्नु हुन्छ भनी  सोधिएका प्रश्नका उत्तरमा परीक्षा, अवलोकन, व्यक्तिगत विवरण, घटनावृत्त अभिलेख भन्ने मूल्याङ्कनका साधनहरु अपनाइएको पाइएको छ ।

### ४.१.५ अपाङ्ग बालबालिकाको शिक्षणको क्षेत्रको अवस्था

शिक्षण व्यवस्थापन सिकाइ व्यवस्थापनको महत्वपूर्ण पक्षको रुपमा मानिन्छ । जव सम्म शिक्षण व्यवस्थापन विद्यार्थीहरु माथि प्रभाव पार्ने खालको हुँदैन तव सम्म सिकाइ व्यवस्थापन हुनसक्दैन । सङ्खुवा सभा जिल्लाका अपाङ्ग विद्यालयका स्रोत शिक्षकहरुसँग तपाईं कस्तो किसिमको शिक्षण गराउनु हुन्छ भन्ने प्रश्नको उत्तरमा साक्षर बनाउने, सीपमूलक, सकारात्मक बानिको विकास, व्यवहारमा परिवर्तन ल्याउने र समूह शिक्षणमा जोड दिने कुरा पाइएको छ ।

### ४.१.६ अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनको आधार

सिकाइ व्यवस्थापन प्रभावकारी हुन बालबालिकाहरुको रुची, क्षमता, पृष्ठभूमिमा आधारित हुनुपर्छ । यसै क्रममा सङ्खुवा सभा जिल्लामा सञ्चालित अपाङ्ग स्रोत कक्षाका स्रोत शिक्षकहरुसँग तपाईं अपाङ्ग बालबालिकाको रुची, क्षमता, चाहना र पृष्ठभूमिको आधारमा शिक्षण सिकाइ क्रियाकलाप गर्नु हुन्छ कि हुन्न भन्ने प्रश्नको प्रतिक्रियामा तिनीहरुको आवश्यकता अनुसार ती कुराहरुमा ध्यान दिने गरेको प्रतिक्रिया पाइएको छ ।

### ४.१.७ अपाङ्ग बालबालिकाको बौद्धिक क्षमताको अवस्था

विद्यार्थीहरुको बौद्धिक क्षमताको मूल्याङकन गर्नका लागि जम्मा १२ वटा प्रश्न गरिएको थियो । जम्मा २२ जना विद्यार्थी मध्ये प्रायः धेरै जसोले प्रश्नहरुका ठीक उत्तर दिए । नमूना विद्यालयहरुमा अपाङ्ग बालबालिकाहरुका सिकाइ व्यवस्थापन राम्रो रहेको पाइयो । वाण्डुराले प्रतिपादन गरेको सिकाइ सिद्धान्त अनुसार बालबालिकाले सिकाइको उपयुक्त वातावरण पाएमा मात्र सिक्न सक्छन् । बालबालिकाहरुलाई सिकाइको क्रममा प्रशस्त मात्रामा पुनःर्वल तथा उत्प्रेरणा अनि मायाको वातावरण सिर्जना गर्न सक्नु पर्दछ । अध्ययनको शिलशिलामा प्राप्त तथ्याङ्कलाई हेर्दा बालबालिकाको भावना बुझी बिभिन्न शैक्षिक सामग्रीको प्रयोग गरी पढाउने गरेको कुरा शिक्षकसँग गरिएको प्रश्नावली र प्रत्यक्ष अवलोकनबाट प्रष्ट हुन आउँछ । त्यसैले नमूनाको रुपमा छनौट गरिएको दुबै विद्यालयको शैक्षिक विवरण सन्तोषजनक पाइएको छ ।

### ४.१.८ अपाङ्ग बालबालिकामा शिक्षण व्यवस्थापनले सिकाइमा पारेको प्रभाव

यस अध्ययनका क्रममा अपाङ्ग बालबालिकाको सिकाइको अवस्था पत्ता लगाउन विद्यार्थीको वार्षिक प्रगति विवरणको पनि सहायता लिइएको थियो । विद्यार्थीको सिकाई व्यवस्थापनलाई तलको तालिका र स्तम्भचित्रले प्रष्ट पारेको छ ।

तालिका १


श्री महेन्द्र उच्च मा.वि. सुस्तश्रवण एवम् बहिरा विद्यालय मानेभञ्ज्याङको विद्यार्थी प्रगति विवरण शैक्षिक सत्र २०७०

| कक्षा | विद्यार्थीभर्ना | उत्तीर्ण सङ्ख्या | बिचैमा विद्यालय छाड्ने | कक्षा दोहो-याउने |
|---|---|---|---|---|
| १ | २ | १ | १ | |
| २ | ५ | ५ | | |
| ३ | ४ | ४ | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २ | २ | | |
| ५ | ३ | २ | | |
| जम्मा | १६ | १५ | १ | |

स्रोत : विद्यालय अभिलेख २०७१

माथिको तालिकालाई स्तम्भचित्रमा प्रस्तुत गर्दा,




नमूनाको रुपमा अध्ययन गरिएको विद्यालय श्री महेन्द्र उच्च मा.वि. मानेभञ्ज्याङको विद्यार्थी प्रगति विवरणलाई सरसर्ति हेर्दा यस विद्यालयमा अध्ययनरत जम्मा १६ जना विद्यार्थी मध्ये १४ जना परीक्षामा उत्तीर्ण रहेको पाइयो भने बिचैमा कक्षा छोडेको कक्षा १ को १ जना र कक्षा ५ को १ जना विद्यार्थी पाइयो । कक्षा छोडेको के कारण हो भनी स्रोत शिक्षकलाई सोध्दा बसाई सरेको कुरा प्रष्टिन आयो । त्यसैगरी कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या नभएको पाइयो । यस महेन्द्र उच्च मा.वि. मानेभञ्ज्याङ्गमा १० जना विद्यार्थीका लागि मात्र कोटा रहेको जानकारी विद्यालयका प्र.अ. ले बताउनु भयो । तापनि शिक्षा प्रतिको बढ्दो चाहनाले विद्यार्थी सङ्ख्या १६ जना रहेको पाइयो ।


तालिका नं. २

श्री सरस्वती मावि चैनपूरमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरु

| क.सं. | कक्षा | विद्यार्थीको नाम |
|---|---|---|
| १ | १ | बसन्त श्रेष्ठ |
| २ | १ | शशीकला पोखेल |
| ३ | १ | विकास गुरुङ |
| ४ | १ | दिलकुमारी थापा |
| ५ | १ | विजय तामाङ |
| ६ | १ | विमला तामाङ |
| ७ | १ | सुस्मा राउत |

स्रोत : विद्यालय अभिलेख २०७१

माथिको तालिकालाई छात्रा, छात्र र जम्माको संख्यालाई स्तम्भचित्रमा प्रस्तुत गर्दा,




माथिको तालिका र स्तम्भचित्रको आधारमा विश्लेषण गर्दा यस विद्यालयमा जम्मा १० जनाको कोटा रहेता पनि ७ जना विद्यार्थी मात्र भर्ना भएको पाइयो । जसमध्ये ४ जना छात्रा र ३ जना छात्र रहेका छन् । यस विद्यालयमा अपाङ्ग बालबालिकाहरुका लागि कक्षा १ मात्र पढाइ हुने अर्थात् साक्षर मात्र बनाउने उद्देश्य रहेको स्रोत शिक्षक निर्मला शर्माले बताउनु भयो ।

### ४.१.९ सिकाइ व्यवस्थापनबाट अपाङ्ग बालबालिका माथिको प्रभावको अवस्था

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुनुपर्दछ । यसो भएमा मात्र शिक्षकले लिइएको विशिष्ट उद्देश्य पूरा भई बालबालिकाहरुको व्यवहारमा परिवर्तन समेत ल्याउँछ । अपाङ्ग बालबालिकाहरुको व्यवहारमा परिवर्तन ल्याई जीवनयापन गर्नको लागि सिकाइ व्यवस्थापनलाई प्रभावकारी बनाउन सहज कुरा नभए पनि सिकाइ व्यवस्थापनलाई प्रभावकारी बनाउनु शिक्षकको दायित्व हो । यसै सन्दर्भमा सङ्खुवा सभा जिल्लामा अपाङ्ग बालबालिकाको लागि सञ्चालित २ वटा स्रोत कक्षाका दुईजना स्रोत शिक्षक लगायत प्र.अ.सँग अपाङ्ग बालबालिका माथि सिकाइ व्यवस्थापनको प्रभाव कस्तो पाउनु भएको छ भनी सोधिएको प्रश्नमा सकारात्मक प्रभाव रहेको भन्ने प्रतिक्रिया पाइएको छ ।

## ४.२ अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनका समस्याहरु

अपाङ्ग बालबालिकाहरु साङ्ग बालबालिकाको तुलनामा निकै कमजोर रहेका हुन्छन् । आपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनमा निम्न समस्याहरु रहेका छन् ।

### ४.२.१ चुनौतिपूर्ण सिकाइ व्यवस्थापन

अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापन साङ्ग बालबालिकाको जस्तो हुँदैन कुनै पनि कुरा सजिलो र छिट्टो सिक्न सक्दैनन् । एउटै कुरालाई बारम्बार सिकाउनु पर्ने हुन्छ । सिकाएको कुरा छिट्टै विर्सने, सजिलोसँग सिक्न नसक्ने, त्यसमा पनि अपाङ्ग बालबालिकाहरुको बौद्धिक क्षमता पनि फरक फरक हुने हुँदा अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थपन चुनौतिपूर्ण रहेको हुन्छ । यसै सन्दर्भमा सङ्खुवा सभा जिल्लामा सञ्चालित २ वटा स्रोत शिक्षकसँग अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापन कस्तो रहेको छ ? भनी सोधिएका प्रश्नमा २ वटै स्रोत शिक्षकबाट चुनौतिपूर्ण छ भन्ने प्रतिक्रिया पाइएको छ ।

### ४.२.२ विद्यार्थीहरुमा बौद्धिक क्षमताको कमी

अपाङ्ग बालबालिकाहरुको बौद्धिक क्षमता कम हुने हुन्छ । यस्ता बालबालिकाहरुमा मष्तिष्कले गर्नुपर्ने क्रियाकलाप सोच्ने शक्ति, सम्झने शक्ति, निर्णय गर्ने शक्ति आदिमा कमी आउँछ । सामान्य बालबालिकामा बौद्धिक क्षमताको स्तरभन्दा अपाङ्ग बालबालिकामा बौद्धिक क्षमताको स्तर कम पाइन्छ । औसतमा सामान्य बालबालिकाहरुमा बौद्धिक क्षमताको स्तर ९० देखि ११० का बीचमा पाइन्छ भने अपाङ्ग बालबालिकामा ६९ भन्दा तल पाइने कुरा मनोवैज्ञानिक कतबलमायचम ज्ञष्लभत ले उल्लेख गरेका छन् । यसरी अपाङ्ग बालबालिकाहरुमा बौद्धिक क्षमताको स्तर कम हुने हुनाले सिकाइ व्यवस्थापनमा समस्या भएको कुरा सङ्खुवा सभा जिल्लामा संचालित २ वटा स्रोत कक्षाका स्रोत शिक्षकहरुले प्रतिक्रिया दिनुभएको छ ।

### ४.२.३ शिक्षकहरुको पुनर्ताजगी तालिमको कमी

अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनमा कार्यरत शिक्षकहरुलाई वर्षे पिच्छे वा समय समयमा पुनःर्ताजगी तालिम दिनुपर्ने नेपाल सरकारको लक्ष्य भएतापनि त्यस्तो हुन नसक्नु, नेपाल सरकार तथा सम्बन्धित निकायले समय समयमा तालिमको व्यवस्था नगर्नु, एक वा दुई चोटीको तालिमको भरमा अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन सञ्चालन गर्नु समस्याको रुपमा रहेको कुरा सङ्खुवा सभा जिल्लामा सञ्चालित अपाङ्ग विद्यालयका स्रोत शिक्षकद्वयले बताउनु भएको पाइएको छ ।

### ४.२.४ उचित स्रोत साधन उपलब्ध नहुनु

अपाङ्ग बालबालिकाहरुका लागि चाहिने पाठ्यपुस्तक समयमा उपलब्ध नहुनु, आवश्यक शैक्षिक सामग्रीको व्यवस्था नहुनु, अपाङ्ग बालबालिकाहरुको लागि सटिक रुपमा सिकाइ उपलब्धि हासिल हुने किसिमका पाठ्यपुस्तक उपलब्ध नहुनु, सम्वन्धित सरकारी तथा गैरसरकारी निकायहरुले ध्यान नदिनु आदि कुरा अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनमा उत्पन्न समस्या दुवै स्रोत शिक्षकहरुले बताउनु भएको पाइयो ।

### ४.२.५ शारीरिक अस्वस्थता

बिभिन्न किसिमका रोगका कारणबाट अपाङ्ग बालबालिकाहरु कक्षामा नियमित उपस्थित हुन नसक्नु, उनीहरुका अभिभावकले उपचारका लागि बाहिर लैजाने गरेको कारण पठन पाठनमा वाधा भएकोले सिकाइ व्यवस्थापनमा समस्या भएको कुरा दुवै स्रोत कक्षाका स्रोत शिक्षकले बताएको पाइयो ।

वाण्डुराको सिकाइ सिद्धान्त अनुसार बालबालिकाको सामाजिक र वातावरणीय परिवेश अनुसार सिकाइ हुनुपर्ने अनुसार नमूनाको रुपमा अध्ययन गरिएको दुई विद्यालयमा विद्यार्थीको घरायसी वातावरण अनुसार व्यक्तिगत घटनाको अध्ययन गरी सिकाइ गर्दै आएको पाइएको छ ।

## ४.३ अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन समस्याको समाधान

अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन कार्य अन्य कार्य भन्दा कठीन रहेको पाइन्छ । यसका लागि शिक्षक, विद्यार्थी र अभिभावक वीचको त्रिकोणात्मक सम्वन्धबाट नै विभिन्न शिक्षण सिकाइ प्रकियालाई अवलम्बन गरी अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनका समस्याहरुलाई समाधान गर्न सकिन्छ । यसका साथै सिकाइ व्यवस्थापनका समस्याका समाधान गर्न निम्न उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ ।

### ४.३.१ अभिभावक सचेतिकरण कार्यक्रम सञ्चालन गर्ने

नेपाली समाजमा अहिले पनि अभिभावकहरुमा शिक्षा प्रति जागरुक हुन नसकेको अवस्था देखिन्छ । अपाङ्ग बालबालिकाका अभिभावकले त झन् यस्ता बालबालिकाहरु समाजका वोझ हुन् । यिनीहरुले केही गर्न सक्दैनन् भन्ने सोचले ग्रसित भएका हुन्छन् । कतिपय अभिभावकले आफ्ना अपाङ्ग बालबालिकालाई विद्यालय नै पठाउँदैनन् भने पठाएका मध्येले पनि तिनीहरु प्रति ध्यान नदिएको अवस्था छ । यस्ता समस्या समाधान गर्न सञ्चालित स्रोत कक्षाले आफ्नो क्षेत्रभित्रका अपाङ्गता भएका बालबालिकाहरुको  अभिभावकहरुलाई

अभिभावक सचेतिकरण गोष्ठी गर्नुपर्ने देखिन्छ । जसबाट अपाङ्गता भएका बालबालिकाहरुका अभिभावकमा जागरुकता आई आफ्ना बालबालिकाको सिकाइ व्यवस्थापनमा ध्यान पुग्ने देखिन्छ ।

### ४.३.२ सिकाइका लागि सहज वातावरणको सृजना गर्ने

सिकाइ व्यवस्थापनलाई प्रभावकारी बनाउन अपाङ्ग बालबालिकाको रुची, चाहना, क्षमता आदिमा ध्यान दिई मनोरञ्जनात्मक वातावरणमा सिकाइ क्रियाकलाप गरिंदा व्यवस्थापन प्रभावकारी हुन्छ ।

### ४.३.३ पुनःर्ताजगी तालिमको व्यवस्था

अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापनलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत शिक्षकहरुलाई एक पटक तालिम दिएर मात्रै नपुग्ने हुनाले समय समयमा पुःनर्ताजगी तालिमको व्यस्थापन प्रभावकारी बन्न सहयोग मिल्ने देखिन्छ ।

### ४.३.४ उचित श्रोत साधनको व्यवस्था गर्ने

सीमित आर्थिक स्रोतका कारण अपाङ्ग बालबालिकाहरुलाई आवश्यक सुविधा दिन नसकेको उचित शैक्षिक सामग्रीको व्यवस्था गर्न नसकेको र सिकाइको लागि अझ मजवुद गर्न नसकेको प्रतिक्रिया स्रोत शिक्षकद्वयबाट प्राप्त भएको हुनाले उक्त समस्यालाई समाधान गर्न सम्वन्धित निकायहरुले आवश्यक स्रोत साधनको व्यवस्था गरी समस्या समाधान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद पाँच :
# निष्कर्ष र सुझाव

यस परिच्छेदमा अध्ययन अनुसन्धानकार्यको प्राप्ति, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ । प्राप्त सूचनाको आधारमा गरिएको सही विश्लेषणहरुको नतिजालाई प्राप्तिको रुपमा प्रस्तुत गरिएको छ । अध्ययनको क्रममा प्राप्त तथ्यको आधारमा सुझावहरु उल्लेख गरिएको छ ।

## ५.१ निष्कर्ष

अपाङ्गता भएका बालबालिकाहरुले पनि उचित शिक्षा तथा राम्रो व्यवहार पाएको खण्डमा साङ्ग बालबालिकाहरु जस्तै समाजमा आफ्नो पहिचान कायम राख्न सक्छन् । उनीहरु पनि देशका कर्णधार हुन् । सङ्खुवा सभा जिल्लाको मानेभञ्ज्याङ्ग र चैनपुर स्रोत विद्यालयका २ वटा अपाङ्ग स्रोत कक्षालाई आफ्नो अध्ययनको मुख्य आधार बनाई अपाङ्ग बालबलिकाको सिकाइ व्यवस्थापनलाई प्रस्तुत गरी विश्लेषण गरिएको छ । यस अध्ययनका क्रममा नमूनाका रुपमा लिइएका अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ व्यवस्थापनको विश्लेषण गरी यो शोधकार्य पूर्ण गरिएको छ ।

नमूना विद्यालयहरुमा अपाङ्ग बालबालिकाहरुका सिकाइ व्यवस्थापन राम्रो रहेको पाइयो । वाण्डुराले प्रतिपादन गरेको सिकाइ सिद्धान्त अनुसार बालबालिकाले सिकाइ उपयुक्त वातावरण पाएमा माात्र सिक्न सक्छन् । बालबालिकालाई सिकाइको क्रममा प्रशस्त मात्रामा पुनःर्वल तथा उत्प्रेरणा अनि माया प्रेमपूर्वक घरयासी वातावरण सिर्जना गर्न सक्नुपर्छ । अध्ययनको शिलशिलामा प्राप्त तथ्याङ्कलाई हेर्दा र कक्षा अवलोकन गर्दा शिक्षकहरुले दिक्क नमानी मैत्रीपूर्ण वातावरणमा पढाउने गरेको पाइयो । बालबालिकाको भावना वुझी बिभिन्न किसिमका शिक्षण सामग्रीको प्रयोग गरी पढाउने गरेको कुरा शिक्षकसँग गरिएको प्रश्नावलीबाट प्रष्ट हुन आउँछ । त्यस्तै नमूनाको रुपमा छनौट गरिएको दुवै विद्यालयको शैक्षिक विवरण सन्तोषजनक पाइएको छ ।

अपाङ्ग बालबालिकाका लागि सङ्खुवा सभा जिल्लामा सञ्चालित स्रोत कक्षामा सिकाइ व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि शिक्षकलाई पुनःर्ताजगी तालिमको आवश्यकता रहेको र चुनौतिपूर्ण सिकाइ व्यस्थापन गर्नुपर्ने समस्या भएकोले उक्त समस्याको समाधान गर्न सम्वन्धित निकायले समय समयमा शिक्षकहरुलाई पुनःर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, साँस्कृतिक वातावरणका साथै सञ्चार समेतवाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ ।

यस अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार अपाङ्ग बालबालिकाको पहिचानको आधार भनेको कुनै विषयमा पनि ध्यान केन्द्रित गर्न नसक्ने, टोलाइ रहने, कुनै व्यक्तिले निर्देशन दिदाँ यसलाई नवुझ्ने कुरा ढिलो वुझ्ने, स्मरण शक्ति कम हुने, आफ्नो कुरा स्पष्टसँग भन्न नसक्ने, शारीरिक विकास अपर्याप्त भएका आफ्नो उमेर भन्दा कम उमेरका केटाकेटीसँग खेल्न रुचाउने, सामान्य पाठ पनि ढिलो वुझ्ने आदि लक्षण पाइयो ।

सुस्त मनस्थिति रोग होइन अवस्था हो । यो अवस्था निको हुँदैन । उमेर सँगै विस्तारै शिक्षा तथा तालिमले सुस्त मनस्थितिको अवस्थामा सुधार भने हुन्छ । सङ्खुवा सभा जिल्लाको दुई स्रोत कक्षामा २२ जना अपाङ्ग बालबालिकाको नामाङ्कन गरिएको थियो । जसमा २२ जना विद्यार्थी नै कक्षा कोठामा उपस्थित भएको पाइयो । दुई वटा स्रोत कक्षाको दुई जना शिक्षकले तालिम प्राप्त गरेको पाइयो । स्रोत विद्यालयले अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनका लागि एक वर्षमा जम्मा २०० दिन कक्षा सञ्चालन गर्ने गरेको पाइयो । यसैगरी शिक्षण सिकाइका लागि दुवै शिक्षकले शैक्षिक सामग्री प्रयोग गर्ने गरेको पाइनुका साथै शिक्षण विधिमा प्रश्नोत्तर, छलफल, प्रदर्शन, व्याख्यान विधिको प्रयोग गर्ने गरेको पाइयो । शिक्षकले व्यवहारिक साक्षर बनाउने र सीपमूलक शिक्षामा जोड दिइएको पाइयो । मूल्याङ्कनका लागि परीक्षा अवलोकन, व्यक्तिगत विवरण, घटना वृत अभिलेख, मूल्याङ्कन प्रणाली अपनाइएको पाइयो । अपाङ्ग बालबालिका माथि सकरात्मक प्रभाव परेको

अभिभावकको प्रतिक्रिया पाइयो । प्र.अ.ले नियमित रुपमा स्रोत कक्षा अवलोकन गरेको पाइयो । अभिभावक सचेतिकरण गोष्ठी हालसम्म नौ पटक गरेको प्रतिक्रिया प्र.अ.ले वताउनु भयो । अपाङ्ग बालबालिकाहरुको सिकाइ व्यवस्थापन गर्न कठीन छ, छैन ? भन्ने प्रश्नको उत्तरमा दुवै विद्यालयका प्र.अ.को प्रतिक्रिया कठीन छ भन्ने पाइयो । अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन गर्न सहयोग गर्ने निकाय एउटा स्रोत कक्षा सञ्चालन गर्न नेपाल सरकार, सिप्रदियन नेपाल व्रिटिश गोर्खा सैनिक हुन भन्ने प्रतिक्रिया एउटा स्रोत विद्यालयका प्र.अ.ले दिइएको पाइयो भने अर्को स्रोत विद्यालयका स्रोत शिक्षकले नेपाल सरकार र व्रिटिश गोर्खा सैनिक हुन् भन्ने प्रतिक्रिया पाइएको छ । अत : समग्रमा यस अध्ययन अनुसन्धानबाट प्राप्त केही निष्कर्षहरुलाई यसरी उल्लेख गर्न सकिन्छः

क. कस्ता कस्ता ठाउँमा के कस्ता प्रकारका अपाङ्ग वा असक्षम बच्चाहरु छन् उनीहरुको तथ्याङ्क सङ्कलन गरी तुरुन्तै स्रोत कक्षाको व्यवस्था गर्नुपर्छ ।

ख. साधारण विद्यालयका अन्य शिक्षकलाई अपाङ्ग विद्यार्थीका लागि कक्षा सञ्चालन गर्न मद्दत मिलोस भन्ने उद्देश्यले तालिममा सहभागी गराउनु पर्छ ।

ग. बालवच्चालाई अभिभावकसँग बोलाएर समय समयमा उनीहरुको अन्तर क्रियाकलापसँग छलफल गराउनु पर्छ ।

घ. कक्षाका विद्यार्थीहरुलाई साधारण विद्यालयका उमेर मिल्दा विद्यार्थीसँग मिलाएर खेलकुद खेलाउनु पर्छ ।

ङ. कक्षालाई प्रभावकारी बनाउन जि.शि.का बाट निरीक्षण एवम् अनुगमनको व्यवस्था मिलाउनु पर्छ ।

## ५.३ सुझावहरु

अध्ययन अनुसन्धानमा देखा परेका समस्याहरुलाई समाधान गर्न बिभिन्न उपायहरु खोजी गरी आवश्यक सुझावहरु प्रस्तुत गर्न नीतिगत तहमा आएका सुझावहरुलाई निम्नानुसार व्यवस्थापन गरी लान सकिने देखिन्छ ।

## ५.३.१. नीतिगत तह

क. अपाङ्गहरुकालागि बनेको शिक्षा सम्वन्धी राष्ट्रिय नीतिमा अपाङ्ग विद्यार्थीहरु तथा तिनका अभिभावक र विद्यार्थीलाई सल्लाह सेवा कार्यक्रम सञ्चालन गर्ने भनिएको छ । यस नीतिलाई सुधार गरी अपाङ्ग विद्यार्थीहरु तथा तिनका अभिभावक र परिवारलाई सल्लाह सेवा तथा जनचेतना कार्यक्रम मार्फत सम्पूर्ण अपाङ्ग बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन प्रोत्साहन गर्ने नीति बन्न सकेमा राष्ट्रका सबै किसिमका अपाङ्गलाई शिक्षाको मूलधारमा ल्याउन सहयोग पुग्ने थियो ।

ख. अपाङ्ग बालबालिकाका लागि आवाशीय शिक्षाको व्यवस्था गर्ने राष्ट्रिय नीतिमा उल्लेख भए अनुसार यसलाई अनिवार्य रुपमा अपाङ्ग बालबालिकालाई आवशीय शिक्षाको व्यवस्था गर्ने कुरा नीतिगत रुपमा उल्लेख हुनु जरुरी छ ।

ग. विद्यालयमा प्राथमिक उपचारका सामग्रीको व्यवस्था मिलाउने कुरा नीतिमा उल्लेख हुनुपर्छ ।

घ. जिल्लामा के कस्ता अपाङ्गहरु रहेका छन् तिनको पहिचान गरेर थप स्रोत कक्षाको व्यवस्था हुनुपर्दछ ।

ङ. अपाङ्गता अनुकुल शैक्षिक सामग्रीहरु, स्थानीय स्रोत सामग्रीबाट, जिल्ला शिक्षा कार्यालयबाट, विशेष शिक्षा विभागबाट उपलब्ध गराउनु पर्ने ।

च. आवाशीय सुविधाको पर्याप्त व्यवस्थाको लागि आर्थिक स्रोत संस्था तथा समुदायसँगै हातेमाालो गर्नुपर्ने ।

## ५.३.२ कार्यान्वयन तह

अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनको राम्रो प्रबन्ध मिलाउनको लागि विद्यालयले व्यवस्थापन समितिसँग मिलेर व्यवस्थापकीय पक्षलाई शैक्षिक सत्र शुरु भएको समय देखि नै अभ्यास गर्दै जानुपर्ने देखिन्छ । । व्यवस्थापन सम्वन्धी तालिम शिक्षक, प्र.अ., व्यवस्थापन समितिलाई तालिमको आयोजना गरी सञ्चालन गर्नुपर्छ । तालिम पश्चात व्यवस्थापन के कस्तो भएको छ समय समयमा निरीक्षण र अनुगमन गर्ने अभ्यास जारी राख्नु पर्ने देखिन्छ ।

क. अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापन गर्नका लागि विद्यालयमा आवश्यक खेलकुद सामग्रीहरुको व्यवस्था गर्नुपर्ने ।

ख. शिक्षकहरुलाई पुनःर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने ।

ग. विद्यार्थीलाई स्रोत शिक्षकले चित्रलेखन, सिलाई, वुनाई जस्ता रचनात्मक एवम् क्रियाकलाप गराउनु पर्ने ।

घ. बिभिन्न समयमा शिक्षकले मासिक रुपमा नजिकैको शहर, विद्यालय, क्लब, मन्दिरहरुको भ्रमण गराउने ।

ङ. विद्यालयको अचल सम्पत्ति आयमूलक स्रोतको रुपमा परिवर्तन गरेर सिकाइ व्यवस्थापनमा आर्थिक समस्याहरु हटाउने व्यवस्था गर्ने ।

च. अपाङ्ग बालबालिकाका लागि स्रोत कक्षा सञ्चालनको लागि भइरहेका नीति नियमहरुलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने तथा माथिल्लो निकाय एवम् पदाधिकारीहरुबाट वार्षिक कम्तिमा ३ पटक निरीक्षण एवम मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

छ . अपाङ्गहरुको लागि आवश्यक आधुनिक मेशिन उपकरणहरु र सहयोगी सामग्रीको उपलब्धता गर्नुपर्ने देखिन्छ ।

ज. अपाङ्गमैत्री सिकाइ व्यवस्थापनको वातावरण बनाउने व्यवस्था गर्नुपर्दछ ।

झ.साधारण खेलहरु खेलाउने व्यवस्था गर्ने ।

ञ. विद्यार्थीलाई उनीहरुको उमेर मिल्दो अन्य विद्यालयका साथीसँग अतिरिक्त क्रियाकलापमा सामेल गराउनु पर्दछ ।

## ५.३.३. अनुसन्धान तह

यो अध्ययन अनुसन्धान अपाङ्ग बालबालिकाको सिकाइ व्यवस्थापनमा मात्र केन्द्रित रहेर गरिएको हुनाले अपाङ्ग बालबालिकाहरुको सम्पूर्ण पक्षलाई समेट्न नसक्नु स्वभाविक हो । सीमित क्षेत्रको घेरा भित्र रहेर यो अध्ययन एक पक्षलाई मात्र समेटिने प्रयास गरिएको छ । अनुसन्धानको क्रममा प्रत्येक सामुदायिक विद्यालयहरुमा एकीकृत कार्यक्रम सञ्चालन गर्दै जानुपर्ने देखिन्छ । जिल्ला भरमा सबै अपाङ्ग बालबालिकालाई समेट्ने गरी नगरपालिका गा.वि.स स्रोत कक्षा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

अपाङ्ग बालबालिकाहरुको लागि शैक्षिक स्तर वृद्धि गर्न उनीहरुको रुची क्षमता, प्रकृति अनुसारको क्रियाकलाप तथा लिखित क्रियाकलापका माध्यमबाट, उनीहरुको चाहना प्रतिभा र क्षमताको पहिचान हुने खालको अवस्था सिर्जना गर्न अनुसन्धान गर्नुपर्ने देखिन्छ । आर्थिक स्रोत स्थानीयस्तरबाट विभिन्न संघ संस्था, राज्यबाट जुटाएर बालबालिकाको सिकाइ व्यवस्थापन सुधार गर्न विभिन्न समयमा अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

अपाङ्ग बालबालिकाको शिक्षाप्रतिको जन्मजात अधिकार सुनिश्चित गर्न विभिन्न समयमा राष्ट्रिय र अन्तराष्ट्रिय सम्मेलन, अधिकार, आयोग गठन भएका छन् । तर सबै अपाङ्ग बालबालिकालाई यसले समेट्न सकिरहेको अवस्था छैन । अति नाजुक परिस्थितिमा जीवनयापन गरिरहेका बालबालिकाहरुलाई उनीहरुको आवश्यकता र प्रकृति अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्न त्यति सजिलो छैन । त्यसकारण आउँदा दिनहरुमा शिक्षा हाम्रो आधारभूत आवश्यकता र जन्मजात अधिकार प्राप्त गर्न शिक्षा क्षेत्रमा सरोकार राख्ने बिभिन्न निकाय, योजनाकार, पाठ्यक्रमविद् , शिक्षाप्रेमी बिभिन्न विषयका अनुसन्धानकर्ताहरुले अपाङ्गता क्षेत्रलाई आफ्नो विषयवस्तु बनाएर विभिन्न समयमा खोज अनुसन्धान गर्नुपर्दछ । अपाङ्गता क्षेत्र सुधार गर्न बिभिन्न खोज अनुसन्धान गर्न आउँदा दिनहरुमा अध्ययनकर्ताले निम्न शीर्षकहरुमा अनुसन्धान हुनु जरुरी छ :

क. अपाङ्ग बालबालिकाहरुका लागि शैक्षिक नीति र त्यसको कार्यान्वयन पक्ष ।

ख. अपाङ्ग बालबालिकाहरुका लागि सञ्चालित स्रोत कक्षाको व्यवस्थापनको व्यवस्थापन ।

ग. प्राथमिक तहमा अपाङ्ग बालबालिकाहरुको शैक्षिक उपलब्धि सम्बन्धी अध्ययन ।

घ. अपाङ्ग बालबालिकाको लागि सञ्चालित विभिन्न औपचारिक तथा अनौपचारिक कार्यक्रमको अध्ययन ।

ङ. विशेष स्रोत कक्षामा सम्बन्धित निकायको भूमिका ।

यसरी अध्ययन अनुसन्धान गर्दा अपाङ्ग बालबालिका वा व्यक्तिको शैक्षिक क्षेत्रमा सुधार गर्न बिभिन्न शीर्षकमा अध्ययन अनुसन्धान गरी बिभिन्न निश्कर्ष र परिणाम प्राप्त गरी बिभिन्न क्षेत्रमा सामान्यीकरण गर्न सकिन्छ । जस्तै : नेपाल सरकारले विभिन्न समयमा बनाउने ऐन, नियम र नियमावलीमा सहयोग पुऱ्याउन सकिन्छ ।

## सन्दर्भ सामग्री


१. कट्टेल, भिमबहादुर (२०५६) **झापा जिल्लामा सञ्चालित सुस्तमनस्थिति कार्यक्रम प्रभावकारीता एक अध्ययन**, अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर काठमाण्डौ ।

२. काफ्ले बासुदेव र अन्य साथीहरु (२०६६), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

३. कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), **शैक्षिक व्यवस्थापन संगठनात्मक व्यवहार**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

४. खनाल, पेशल (२०६७) **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौ : सनलाइट पब्लिकेशन कीर्तिपुर काठमाण्डौ ।

५. देवकोटा मनमाया (२०६४) **स्याङ्जा जिल्लामा सञ्चालित बहिरा तथा सुस्त कक्षाको प्रभावकारिता** अप्रकासित शोध पत्र त्रि.वि. शिक्षा शास्त्र सङ्काय, कीर्तिपुर, काठमाण्डौ ।

६. नेपाल सरकार **शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९**, अनामनगर काठमाण्डौ ।

७. प्रधान, शशिकला सिं (२०५८), **नेपालमा आपङ्गहरुको शिक्षा तथा रोजगार क्षेत्रको व्यवस्था**, शोधपत्र त्रि.वि. काठमाण्डौ ।

८. **प्रस्तावना पत्र (२०७०),** श्री महेन्द्र उ.मा.वि., मानेभन्ज्याङ्ग

९. भण्डारी, राजेन्द्र (२०११), **सुस्तमनस्थिति कार्यक्रम एक अध्ययन**, अप्रकाशित शोधपत्र त्रिवि शिक्षाशास्त्र संकाय, कीर्तिपुर काठमाण्डौ ।

१०. सबैका लागि शिक्षा, (२०००-२०१०), **प्राथमिक शिक्षक दिग्दर्शन**, आशिक बुक्स हाउस प्रा.लि., काठमाण्डौ ।

११. सङ्खुवा सभा अपाङ्ग संघ, **स्मारिका (२०६८)** सङ्खुवा सभा, खाँदबारी ।

१२. सिंह, नागेश्वर (२०६५) **शिक्षा मनोविज्ञान,** काठमाण्डौः पैरवी प्रकाशन, पुतलीसडक ।

१३. शर्मा गोपीनाथ (२०५९), **नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,** काठमाण्डौ : मकालु बुक्स एण्ड स्टेसनर्स

१४. शर्मा, चिरन्जीवी (२०६४) **शिक्षाका आधारहरु**, काठमाण्डौ एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

१५. शिक्षा विभाग (२०६८), **समाहित शिक्षा स्रोत सामग्री,** भक्तपुरः सानोठिमी ।

## अनुसूची एक:

## प्रधानाध्यापकको लागि तयार पारिएको प्रश्नावली

प्रधानाध्यापकको नाम :- मिति :-

विद्यालयको नाम :- शैक्षिक योग्यता :-

शिक्षण अनुभव :-

यो प्रश्नावली त्रिभुवन विश्वविद्यलय शिक्षा शास्त्र संकाय एम्.एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न शोधपत्र तयार गर्ने उद्देश्यले बनाइएको छ । कृपया तल दिइएका प्रश्नहरुक ठीक उत्तरमा रेजा (√) चिन्ह लगाउनु होस र खाली ठाउँमा उत्तर भर्नुहोस् । एक भन्दा बढी उत्तरमा रेजा (√) चिन्ह लगाउनु होस् ।

१. यो विद्यालयमा अपाङ्ग सम्बन्धी स्रोत कक्षा कहिलेदेखि सञ्चालन भयो ?

उत्तर :

२. यो विद्यालयमा स्रोत कक्षा सञ्चालन भएदेखि हालसम्म कतिपटक अभिभावक सचेतिकरण गोष्ठी भयो ?

उत्तर :

३. अपाङ्ग स्रोत कक्षा नियमित रुपमा अवलोकन गर्नु हुन्छ /गर्नु हुन्न ?

उत्तर :

४. कक्षा अवलोकन गर्दा स्रोत शिक्षकले कुन कुन विधि प्रयोग गरी शिक्षण गर्नुभयो ?

क. प्रदर्शन ख. छलफल ग. खेल विधि घ. अभिनय विधि

५. स्रोत शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्न कस्तो किसिमको तालिमको आवश्यकता महशुस गर्नु भयो ?

क. व्यवसायिक सीप ख. जनचेतना जागरण

६. अपाङ्ग स्रोत कक्षा प्रति समाजको दृष्टिकोण कस्तो छ ?

क. सकारात्मक ख. नकारात्मक

७. कार्यक्रम सञ्चालन गर्न कठीन छ/छैन ?

उत्तर :

८. शैक्षिक सामग्री पर्याप्त र उपयुक्त छन्/छैनन् ?

उत्तर :

९. शिक्षण सिकाइमा स्रोत शिक्षकले शैक्षिक सामग्री प्रयोग गरेको छ/छैन ?

क. छ ख. छैन

१०. कस्तो खाले शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको छ ?

क. दृष्य सामग्री ख. छैन

११. मूल्याङ्कन लागि कसतो प्रणाली अपनाउनु भएको छ ?

क. अवलोकन ख. परीक्षा प्रणाली ग. घटनावृत्त अभिलेख घ. व्यक्तिगत विवरण

१२. यो कार्यक्रम सञ्चालन गर्न विद्यलायले कुन कुन पक्षमा आर्थिक सहयोग गरेको छ ?

क। विद्यालय भवन ख. छात्रावास बनाउन

ग. शैक्षिक सामग्री खरिद गर्न घ. फर्निचर बनाउन

१३. अपाङ्ग कक्षा सञ्चालन गर्न सहयोग गर्ने सम्बन्धित निकाय कुन कुन हुन् ?

उत्तर

क. ख.

ग. घ.

१४ यो कक्षा सञ्चालन गर्न वार्षिक खर्च कति हुन्छ ?

उत्तर :

१५. अपाङ्ग बालबालिका विद्यालयमा प्रवेश भएदेखि हालसम्म परिवर्तन पाउनु भएको छ कि छैन ?

क. पाएको छु ख. पाएको छैन

१६. पाउनु भएको छ भने कस्तो किसिमको परिवर्तन पाउनुभएको छ ?

क. व्यवहारिक परिवर्तनख. सीपमूलक परिवर्तन

ग. अन्य

१७. विद्यार्थीको लागि कस्तो किसिमको अतिरिक्त क्रियाकलाप सञ्चालन भएको छ ?

उत्तर :

१८ कक्षा सञ्चलान गर्न विद्यालयले जम्मा कतिवटा कक्षा कोठा उपलब्ध गराएको छ ?

उत्तर :

## अनुसूची दुईः

## शिक्षकको लागि तयार पारिएको प्रश्नावली

शिक्षकको नाम :- मिति :-

विद्यालयको नाम :- शैक्षिक योग्यता :-

शिक्षण अनुभव :-

१. मूल्याङ्कनको लागि तपाईं कुन साधनको प्रयोग गर्नुहुन्छ ?

क. परीक्षा ख. अवलोकन ग. व्यक्तिगत विवरण

घ. घटनावृत्त अभिलेख ङ. माथिका सबै

२. शिक्षण सिकाइबाट विद्यार्थीमा कस्तो किसिमको प्रभाव पाउनुभएको छ ?

क. सकारात्मक ख. नकारात्मक

३. अपाङ्गको क्षेत्रमा कुन शिक्षण महत्वपूर्ण ठान्नु हुन्छ ?

क. समूह शिक्षण ख. उमेरगत शिक्षण ग. व्यक्तिगत शिक्षण

४. विद्यार्थीलाई कस्तो किसिमको शिक्षण सिकाइ गर्नुहुन्छ ?

क. साक्षर बनाउने ख. सीपमूलक तालिम दिने

ग. भाषाको विकास गर्नेघ. बानीको विकास गर्ने

५. अपाङ्ग बालबालिकालाई शिक्षा दिने कार्यलाई तपाईं कस्तो ठान्नु हुन्छ ?

क. चुनौतिपूर्ण ख. कठीन ग. समस्यायुक्त घ. सहज

६. अपाङ्ग बालबालिकालाई कुन प्रकारको विद्यालयमा राखेर शिक्षा दिन सजिलो हुन्छ ?

क. एकीकृत विद्यालय ख. साधारण विद्यालय

ग. विशेष आवाशीय विद्यालय घ. विशेष विद्यालय

७. अपाङ्ग विद्यार्थीका लागि कक्षा संचालन गर्न विद्यार्थी र शिक्षकको अनुपात कति हुनुपर्छ ?

क. ५:१ ख. १०:१ ग. १५:१ घ. २०:१

८. अपाङ्ग बालबालिकाको लागि समाजले पुऱ्याएको सहयोग कस्तो छ ?

क. राम्रो छ ख. सन्तोषजनक छ ग. समाजले ध्यान दिएको छैन ।

# अनुसूची तीनः

## विद्यार्थीका लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : उमेर :

विद्यार्थीको नाम : कक्षा :

तल दिइएको प्रश्नहरुको ठीक उत्तरमा रेजा (√) चिन्ह लगाउ ।

१. तिम्रो नाम के हो ?

क. दिएको उत्तर ठीक ख. दिएको उत्तर बेठीक

२. तिम्रो बुवाको नाम के हो ?

क. दिएको उत्तर ठीक ख. दिएको उत्तर बेठीक

३. तिम्रो घर कहाँ हो ?

क. दिएको उत्तर ठीक ख. दिएको उत्तर बेठीक

४. तिम्रो विद्यालयको नाम के हो ?

क. दिएको उत्तर ठीक ख. दिएको उत्तर बेठीक

५. तिम्रो प्रधानाध्यापकको नाम के हो ?

क. दिएको उत्तर ठीक ख. दिएको उत्तर बेठीक

६. तिमी कति कक्षामा पढ्छौ ?

क. दिएको उत्तर ठीक ख.दिएको उत्तर बेठीक

७. तिम्रो पढाउने शिक्षकको नाम के हो ?

क. दिएको उत्तर ठीक ख. दिएको उत्तर बेठीक

८. आज कुन दिन हो ?

क. दिएको उत्तर ठीक ख. दिएको उत्तर बेठिक

९. हप्तामा कति दिन हुन्छ ?

क. ख.

१०. हप्ताको पहिलो दिन कुन हो ?

क. ख.

११. यो कुन महिना हो ?

क.		ख.

१२. एक महिनामा कति दिन हुन्छ ?

क.		ख.

# अनुसूची चार :

## अभिभावकका लागि तयार पारिएको प्रश्नावली

अभिभावकको नाम : पेशाः

ठेगाना : शैक्षिक स्तर :

यो प्रश्नावली त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय एम्.एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्न शोधपत्र तयार गर्ने उद्देश्यले बनाइएको छ । कृपया तल दिइएका प्रश्नहरुका ठीक उत्तरमा रेज (√) चिन्ह लगाउनुहोस् र खाली ठाउँमा उत्तर भर्नुहोस् ।

१. तपाईंका कति वटा छोराछोरी अपाङ्ग छन् ?

क. एक ख. दुई ग. तीन घ. चार

२. तपाईंले अपाङ्ग बालबालिकामा कस्तो समस्या पाउनु भएको छ ?

क. आफ्नो समस्या बताउन नसक्नु

ख. सिकाएको कुरा नसिक्नु ग. कुरा ढिलो बुझ्नु

३. तपाईं आफ्ना बालबालिका बारेमा शिक्षकसँग सल्लाह गर्नुहुन्छ ?

क. सधै गर्ने गरेको छु ख. गर्ने गरेको छैन ग. प्रायः गर्छु

४. बालबालिकाका कस्ता बारेमा सल्लाह गर्नुहुन्छ ?

क. सिकाइ सम्बन्धी समस्याका बारेमा ख. समाजको दृष्टिकोण सम्बन्धी

ग. स्वास्थ्य सम्बन्धी समस्याका बारेमा

५. आफ्नो बच्चा विद्यालयमा भएदेखि बारम्बार गएर बच्चाका बारेमा अवलोकन गर्नु भएको छ ?

क. बारम्बार गएर गर्ने गर्छु । ख. कहिले काहीँ मात्र गर्ने गरेको छु ।

ग. कहिल्यै जान्न । घ. फुर्सदको समयमा मात्र जान्छु ।

६. विद्यालयमा भर्ना भएको दिनदेखि तपाईंले आफ्नो बच्चामा के कस्तो परिवर्तन पाउनु भयो ?

क. सीपमा विकास ख. व्यवहार सम्बन्धी विकास

## अनुसूची पाँच :

## विद्यालय अवलोकन फारम

अध्ययन गरिएको विद्यालयको नाम : मिति :

अवलोकन कर्ताको नाम :

१. विद्यालयमा अपाङ्ग बालबालिकाको जम्मा संख्या :

२. जम्मा उपस्थिति विद्यार्थी संख्या :

३. शैक्षिक सामग्रीको अवस्था

क. अतिउत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो

४. कक्षा व्यवस्थापनको अवस्था

क. अतिउत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो

५. भौतिक अवस्थाको स्थिति

क. अतिउत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो

६. शिक्षकको क्रियाशिलता :

क. अतिउत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो

७. विद्यार्थीको सहभागिता

क. अतिउत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो

८. शैक्षिक सामग्रीको प्रयोग

क. अतिउत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो

९. सिकाइएको वातावरण

क. अतिउत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो

१०. पाठ्यपुस्तकको उपलब्धता

क. अति उत्तम ख. उत्तम ग. राम्रो घ. नराम्रो